**प्रदेश सभा**

**गण्डकी प्रदेश**

**चौथो अधिवेशन**

**(पैतिसौं बैठक)**

# कार्यवाहीको सम्पूर्ण विवरण

**मिति:- २०७६/०५/०५ गते, अपरान्ह १:०० बजे**

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ।शून्य समयमा बोल्न चाहानुहुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु।निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु।

सर्वप्रथम माननीय श्री **बिन्दुकुमार थापालाई** बोल्न समय दिन्छु।

**माननीय बिन्दुकुमार थापा**

सभामुख महोदय, २०७६ साल श्रावण २८ गते साँझ ४ बजेर ५ मिनेट जाँदा न्यूरोडस्थित एस मिनिमार्केटमा भिषण आगलागि भएकोछ।त्यहाँ ३२ शर्टर कवलमा दस जना व्यवसायीहरुले पेशा व्यवसाय गरिरहनुभएको उक्त: ठाउँ पूर्ण रुपमा क्षती भएकोछ।करिब ४ करोड बराबरको धनमालको नोक्सानि भएको उक्त: समयमा जनपद, सशस्त्र, नेपाली सेना र स्थानीय जनताको ठूलो प्रयासका वाबजुद दमकल समयमा पुग्न नसक्नु गणडकी प्रदेशको राजधानी पोखरा जस्तो ठाउँमा प्रयाप्त अग्नी नियन्त्रणको ब्यबस्था नहुनु, स्रोत साधनको अभाव, कमजोर वारुणयन्त्रको व्यबस्थापनले गर्दा ठूलो धनमालको क्षति र १० जना व्यबसायी बैंकको ऋण लिएर ब्यवसाय गरिरहनुभएको थियो, वहाँहरु विस्थापित हुनुपर्ने र पलायन हुनुपर्ने वाध्यात्मक अवस्था आएको छ,त्यसको अलावा २ जना व्यवसायी यदुनाथ अधिकारी र अर्जुन पोख्रेल जसले अर्काको जग्गा लिजमा लिएर शर्टर कवल बनाउनुभएको थियो,वहाँहरुको पनि थप १ करोड २० लाख बराबरको भौतिक संरचना क्षती भएको छ, सभामुख महोदय, उक्त: दुखको क्षणमा राहत, क्षतिपूर्ती र मलमपट्टी १० जना व्यबसायीहरुलाई र २ जना शर्टर धनी समेत गरि १२ जनाको लागि प्रदेश सरकारको तर्फबाट राहत तथा क्षतिपूर्तीको व्यबस्था गरि दुखको यस क्षणमा तपाईहरु सँगै प्रदेश सरकार पनि छ भनि अनुभूति दिलाओस, यो मेरो सरकारलाई बिनम्र अनुरोध छ र यस्ता अप्रिय घटना फेरी पनि दोहोरिन सक्छन, यस अबस्थामा हालै देखिएको दमकलको चरम अभाव खट्कीएको हामीले महशुस गऱ्यौं। त्यसैले प्रदेश सरकारले सरोकारवाला निकाय तथा महानगरसँग समन्वय गरि थप सुबिधा सम्पन्न दमकल,दक्ष जनशक्ती र चुस्त व्यबस्थापन गरि समयमा नै गन्तव्यमा पुगि उद्धार गर्न सक्ने संयन्त्रको उचित व्यबस्था गरोस्,यो मेरो माननीय सभामुख मार्फत गण्डकी प्रदेश सरकार समक्ष जोडदार माग राख्दछु। धन्यवाद ! जयनेपाल !

## माननीय सभामुख

माननीय श्री **विनोद के.सी.**लाई बोल्न समय दिन्छु।

**माननीय विनोद के.सी.**

सभामुख महोदय, म्याग्दीको अन्नपूर्ण गाउँपालिका वार्ड नम्बर ५ को पाउद्वार,खयरखोलामा यही साउन ३१ गते रातको १२ बजे अचानक चट्याङ जाँदा खेरी त्यहाँका कृषक,भेडाकृषकहरुको लगभग ७० वटाभन्दा बढी भेडा, खसी चाहिँ मरेको हुनाले म यसै सम्मानीत सदन वाट चाहिँ त्यो ८ जना कृषकहरुको ७० वटाभन्दा बढी भेडा त्यो राती १२ बजे जो खर्कमा राखिराखेको अबस्थामा मरेको हुँदा ति कृषकहरुलाई चाहिँ यो प्रदेश सरकारको भूमि तथा कृषि मन्त्रालय मार्फत तत्काल चाहिँ सहयोग, अनुदान गर्नका लागि म हार्दीक अपिल गर्दै यो सदनको ध्यानाकर्षण गर्छु। धन्यवाद !

## माननीय सभामुख

माननीय सदस्यहरु,शून्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहिँ समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ।निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु।

सर्वप्रथम माननीय सदस्य **श्री पुष्पा के.सी. भण्डारी** समय १५ मिनेट।

**माननीय पुष्पा के.सी. भण्डारी**

माननीय सभामुख महोदय,यस गरिमामय सभामा म जनताले व्यक्त गरेका केही भावहरु लिएर उपस्थित भएकी छु। सभामुख महोदय, करीब एक साता अघि मैले पोखरामा नै अबस्थित एक ज्येष्ठ नागरिक दिवा केन्द्र अबलोकन गर्ने अवसर प्राप्त गरेकी थिएं, ज्येष्ठ नागरिकहरुले सरकार बाट दिवा केन्द्रलाई प्रदान गरेको सहयोग बाट वहाँहरुको दिउँसोको खाजापानी चलेकोमा खुसी प्रकट गर्नुभयो।त्यसै गरि सरकारले प्रदान गरेको ज्येष्ठ नागरिकको विमा सम्बन्धमा पनि वहाँहरुले धन्यवाद दिनुभयो। दवाई नपाएरै मर्नपर्ने स्थितिबाट सरकारले हामीलाई बाहिर ल्यायो,केही दिन भएपनि संसार हेर्न पाईने भयो भन्दै ज्येष्ठ नागरिकहरुले आफ्नो ३००० भत्तामा पनि खुसि व्यक्त गर्दै मिठो खान नपुगेनि पिठो खान पुग्छ। घरमा नूनतेललाई पनि सहयोग गरिन्छ, उस्तै परेको बेला पनि भन्नुभयो। अहिले पहिले जस्तो परिवारको बोझ हुन नपरेको र आफ्नो दैनिकीमा सकारात्मक कुरा आएको कुरा पनि सुनाउँनुभयो।यस्तो कुरा गरिरहँदा वहाँहरुले केही गुनासोहरु पनि राख्नुभयो। विमित व्यक्तिहरुको उपचार सरकारले तोकेका अस्पतालहरु बाट मात्र हुने र पोखरामा पोखरा स्वास्थ्यविज्ञान प्रतिष्ठान र उसले रिफर गरेको खण्डमा मनिपाल र जिएमसी मा सेवा लिन सकिने व्यबस्था भएको जानकारीमा यो।यसो हुँदा पोखरा स्वास्थ्यविज्ञान प्रतिष्ठानमा बिरामीको चाप ठूलो रहेको र हाल ज्येष्ठ नागरिकहरुलाई सरकारले नै गरिदिएको विमाको कारण ज्येष्ठ नागरिकहरुको चाप पनि हस्पिटलमा बढेको कुरा पनि जानकारिमा आयो।ज्येष्ठ नागरिकहरुले सेवा लिन अस्पतालहरुमा जानु राम्रो कुरा हो र राज्यले चाहेको पनि त्यही हो तर त्यस्ता त्यसलाई ब्यबस्थित गर्न प्रयाप्त जनशक्ती नहुँदा बिरामीहरुले सोही दिन सेवा लिन नसकि फर्कन पर्ने र भोलिपल्ट आउनुपर्ने अबस्था पनि रहेको पाईयो।यसले गर्दा बिरामीले तत्काल उपचार नपाउनु आफ्नो ठाउँमा छ भने समय र यातायात खर्चको पनि क्षती नै भयो। त्यसैगरि अधिक बिरामीको चापले ईन्भेष्टीगेशनमा पनि उत्तिकै समय लाग्ने भन्ने कुरा स्वभाबिक नै हो।यसरी राज्यले दिएको सुबिधामा अति नै उत्शाहित भएका जनता र ज्येष्ठनागरिकले सेवा प्राप्त गर्ने स्थान सिमित हुँदा कठिनाई भोग्नुपरेको पनि गुनासो रह्यो, यस सन्दर्भमा वहाँहरुको सुझाव भनुं वा माग भनुं, विमितले सेवा लिन सक्ने गरि प्रतिष्ठानमा ओ.पि.डी. र डाक्टर थप्नुपर्‍यो कि अरु अस्पतालहरुमा पनि सेवा उपलब्ध गराउने, गराउनका निम्ती तोक्नसके सेवा सहज हुने थियो भन्ने वहाँहरुको राय थियो।थुप्रै निजी अस्पताल र शिक्षण संस्था पनि रहेको ठाउँमा जनताको यो गुनासो संबोधन हुन नसक्ने जस्तो मलाई लागेन, बरु संबोधन गर्न सकिने बिषय नै हो जस्तो लागेर सभामुख महोदयको, महोदय मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहेकी छु।चाहे सरकारी होस वा निजी , सबै अस्पतालको उद्धेश्य जनताको स्वास्थ्य सेवा नै हुने भएकोले राज्यले चाहेको खण्डमा सबै खाले अस्पताल मार्फत जनतालाई सेवा उपलब्ध गराउन सक्दछ भन्ने म ठान्दछु र नीतिगत रुपमा केही सुधार गर्नुपर्ने भए सुधार गरिकन पनि राज्यले दिएको स्वास्थ्य सुबिधाको जनताले सरलतपूर्वक उपभोग गर्न पाउन भन्ने कुरा सभा समक्ष राख्दछु। त्यसैगरि राज्यले ज्येष्ठ नागरिकलाई उपलव्ध गराउने भनेको यातायात सुबिधालाई प्रभावकारि बनाईदिन पनि वहाँहरुको आग्रह रहेको कुरा मैले विगतमा पनि राखेकी थिएँ र पुन: दोहोर्‍याउन चाहान्छु।यो कुराले ज्येष्ठ नागरिकको जिवनमा ठूलो महत्व राख्दछ।सरकारले दिएको र उपभोग गर्न पाएको सुबिधामा खुसी भएका ज्येष्ठ नागरिकहरुलाई यो यातायातमा छुट भन्ने सुबिधालाई व्यबहारमा ल्याउन सके वहाँहरुको जिवनमा अझ खुसि थपिने र परनिर्भर हुन नपर्ने थियो भन्ने वहाँहरुकै शव्दहरु सम्मानित सभामा राखेकी छु।

धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री मनकूमारी गुरुङ्ग । समय ५ मिनेट।

**माननीय मनकूमारी गुरुङ्ग**

सभामुख महोदय,यो मुलूक संघीयतामा गएको पनि ३ वर्ष भैसक्यो।सबै भाषा, धर्म, लिङ्ग,जाती, पिछडा वर्गको भावना मर्म र चाहना अनुसार हाम्रो गण्डकी प्रदेश अगाडी बढ्न सकेको छ कि छैन? मेरो प्रश्न छ, सभामुख महोदय,नेपालको चिनारी दिंदै गर्दा अथवा चिनिंदै गर्दा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश भनेर चिनिन्छ।गण्डकी प्रदेशको सरकारले संविधानमा उल्लेख भए बमोजिम जनताको सार्बभौम अधिकार,स्वायत्तता र सुशासनको अधिकारलाई आत्मसाथ गर्दै गर्दा हाम्रो गण्डकी प्रदेश भित्रको आदिवासी जनजाती, मुस्लिम समूदाय,कृष्चियन समूदायहरुको अधिकारलाई कत्तिको संबोधन गर्न सक्यो,सकेन एकपटक फर्केर संवेदनशिल भएर सोच्नुस भनेर आग्रह गर्न चाहान्छु। सभामुख महोदय, गण्डकी प्रदेशमा छरिएर रहेका आदिवासी जनजाती, मुस्लीम समुदाय र कृश्चियन समुदायहरुको अन्तिम संस्कार गर्ने ठाऊँहरुको अहिले सम्म राज्यले कानून बनाएर त्यसलाई ब्यवस्थीत गर्न सकेको अबस्था छैन, त्यसकारण गण्डकी प्रदेश सरकारले तत्काल कानून निर्माण गरि उक्त: समुदायहरुको जस्तै मुस्लीम समुदायको लागि कब्रस्थान,आदिवासी जनजातीहरुको चिहानडाँडा र कृश्चियनहरुको समाधीस्थल भनेर चिनिने अन्त्येष्ठी स्थलहरुलाई आधिकारिकता प्रदान गर्नको लागि दर्ता गरि तत् तत् समूदायलाई लालपूर्जा प्रदान गरियोस भनेर सभामुख मार्फत गण्डकी प्रदेश सरकारलाई जोडदार माग राख्न चाहान्छु।सभामुख महोदय, गोरखा जिल्लाको पालुङटार देखि च्याङ्ली लगायत १० वटै वडाहरुमा आधूनिक लिची व्यवसायको लागी उत्तम हावापानी रहेको हुनाले उक्त: एरियालाई आधूनिक लिची खेतीको लागी पकेट एरिया घोषणा गरि अनुदानको ब्यवस्था गरियोस् र वारपाकको महिला जागरण समूहद्वारा सञ्चालित कागज उद्योग २०५९ साल बैशाख २ गते तत्कालीन माओवादीले बम पड्काई बन्द गराईएको हुँदा उक्त: कागज कारखाना सञ्चालनमा ल्याउनका लागि प्रदेश सरकारबाट विशेष अनुदानको व्यबस्था गरि र त्यहाँका महिलाहरुलाई रोजगारीको अबसर शृजना गर्नको लागि म सभामुख मार्फत प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहान्छु र त्यसै गरि त्यहाँको बारपाकको बृहद बारपाक कृषक समूहले एउटा व्यबसायिक आलुखेति  चाहिँ उत्पादन गरेर डाईरेक्ट मेम्बर ७५ जना र ईन्डाईरेक्ट २०० जना जति गरेर त्यहाँ एउटा आधुनिक आलु खेति ब्यबसाय गरिराखेको छ र त्यसलाई चाहिँ एउटा नमूनाको प्रदेशमा नमूनाको रुपमा चाहिँ घोषणा गरेर त्यहाँ अध्ययन अनुसन्धान गरेर अनुगमन गरेर कसरि हुन्छ त्यहाँ अहिले सम्म हाम्रो प्रदेश सरकारको दृष्टी परेको छैन,त्यसैले त्यहाँको समुदायहरुलाई चाहिँ त्यो बृहद बारपाक कृषक समुदायको ठाउँमा चाहिँ प्रदेश सरकारको नजर पुगोस र त्यहाँको कृषकहरुलाई एकदम विशेष अनुदानको ब्यबस्था गरियोस भनेर म अनुरोध गर्न चाहान्छु र साथै अन्त्यमा के भन्न चाहान्छु भने यो कृषि मन्त्रालय बाट जति पनि फर्मलाई भनेर अनुदान रकमहरु गतबर्ष छुट्ट्याएको थियो त्यसमा एकदमै गोरखाको दरौंदी पत्रिका लगायत अन्य लोकल पत्रिकहरुमा धेरै गुनासोहरु र कम्प्लेनहरु आइराखेको अबस्था छ र त्यहाँको चाहीँ अनुगमन गरेर कसरि हुन्छ त्यहाँको जनताहरुको धेरै गुनासो भैराखेको अबस्थामा पत्रपत्रिकाहरु पनि धेरै कुरा आईराखेको अबस्था छ, त्यहाँ चाहीँ धेरै भ्रष्टाचार भयो र प्रदेशबाट भन्दै गर्दा पनि अब ल फलानोलाई नै दिने अब भनेर चाहीँ फलानोफलानोलाई नै दिनुपर्छ भन्ने धेरै दबाब पनि आईराखेको अबस्था छ रे त्यसकारणले चाहिँ त्यसमा के हो प्रदेश सरकारले चाहिँ त्यसमा चाहिँ एकदमै अनुगमन निरिक्षण गरेर त्यो भ्रष्टाचारलाई रोक्नको लागि चाहिँ म सभामुख मार्फत यस सरकारलाई ध्यानाकर्षण गराउन चाहान्छु। हस धन्यवाद ! जयनेपाल !

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापा । समय ५ मिनेट।

माननीय सभामुख महोदय, मैले सानो हुँदा देखि बारम्बार सुन्ने गरेको एउटा उद्धरण ‘‘राजाको काम कैले जाला घाम’’ आज पनि त्यो उद्धरण अंश नास हुन सकेको छैन।वर्षभरि समय हुँदासम्म बिकास निर्माणका कृयाकलापहरुमा सरकारको चासो भएन, अन्तमा जेठ असारमा सरकार जंगिएको त हो तर जेठ असारमा खनेको बाटो लगभग २ महिना सम्म पनि टिकेन। साउन भदौमै बाटाहरु भत्किए,नाली खनेको पुरियो, त्यस्तो राज्यका लगानि २ महिना बित्न नपाउँदै स्वाहा भैरहेको छ। सभामुख महोदय, म

कुनै कहानी सुनाईरहेको छैन,जो एकादेशको परीको हो। यो हाम्रो बिकास निर्माण कृयाकलापमा भएको अबैज्ञानिकता, अब्यबहारिकता तथा खेलाँचीको वृत्तचित्र हो। वृत्तचित्र कहिलेसम्म नेपाली जनताले झेल्नुपर्ने हो, यो बिडम्बना नामेट पार्नका निमित्त नेपाली जनताले कस्तो प्रकारको क्रान्ती गर्नुपर्ने हो? प्रदेश सरकारले, प्रदेश सरकारले गरेको अधिकांस बाटोहरु यो महिनामा गाडी गुड्न लायक छैनन।यो कस्तो नियती हो? संघियता आएपछि यो समस्याको समाधान हुन्छ भनेको, के यही हो त? कुन मलाई भन्न त मन थिएन तैपनि भनिहाल्न मन लाग्यो," कुन्ताको खेती फट्याङ्ग्राले मेटी" भने जस्तै बल्ल बल्ल रोई कराई गरेर हामीले बिकास निर्माणका बाटाहरु अर्थात बिकास निर्माणका कृयाकलापहरु अलिकति लगेका थियौं बाग्लुङ जिल्लामा, तर बाग्लुङ जिल्ला अन्तर्गत पर्ने अक्षेते, ढुडिया धारा मा.बि. धम्जादेउराली हुँदै ताराखोला जोडने सडक आज अत्यन्तै नाजुक अबस्थामा छ। आर्थिक वर्ष २०७५।०७६ मा विनियोजन भएको ५० लाखले खनेको बाटो ५० पैसाको देखिएको छैन। सभामुख महोदय, उक्त: सडकखण्डमा पर्ने लामबगर मोटरेबल पुलमा भौतिकरुपमा ० परशेन्ट पनि काम देखिएको छैन। बर्षा लागे सँगै उक्त: खोलामा बढेको पानीको बहावले गर्दा दैनिक आवतजावतमा हजारौं मानिसहरु मर्कामा परेका छन।म भौतिक तथा पूर्वाधार मन्त्री आज हुनुहुन्न, त्यही पनि वहाँका लागि यो सन्देश पुर्‍याईदिनका निमित्त हार्दिक अनुरोध गर्न चाहान्छु की उक्त: मोटरेवल पुलको शिलान्यासका निमित्त मन्त्रिज्यूको प्रस्थान कहिले हुन्छ? धम्जा, तङ्ग्राम तथा बिहुँवासी, विहुँ र भिमपोखराका बासीहरुले भोग्दै आएको समस्या,समस्या बाट कहिले उन्मुक्त पाउँछन? तसर्थ आजको सभा मार्फत उक्त: मोटरेवल पुलको काम यथाशिघ्र सुचारू गर्नका निमित्त निर्देशन दिनाका निमित्त म मन्त्रीज्यूलाई हार्दीक आव्हान गर्न चाहान्छु र प्रदेश सभा मार्फत मैले जोडदार माग गर्न चाहान्छु साथै अब हुने बिकास निर्माणको कृयाकलाप वैज्ञानिक तथा वातावरणमैत्री र समयमै बनाउनका निमित्त सरकारलाई सुझाव दिन चाहान्छु। धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री ललितकला गुरुङ्ग । समय ५ मिनेट।

**माननीय ललितकला गुरुङ्ग**

माननीय सभामुख महोदय,गण्डकी प्रदेश अन्तर्गत पर्ने मध्यपहाडी लोकमार्ग राष्ट्रिय गौरबको आयोजना अलपत्र अबस्थामा छ।केही वर्ष यता निर्माणाधिन सडकको यो अबस्थाले यात्रुहरुले कठिन यात्रा गर्नुपरेको अबस्था छ। पर्वत अन्तर्गत २४ किलोमिटर र कास्कीमा पर्ने करिब ३७ किलोमिटर क्षेत्रको सडक स्तरोन्नती कार्यले घाम लाग्दा धूलो पानी पर्दा हिलो अनि कतै पहिरोको त्रास, यो समस्या कहिले सम्म खेप्नुपर्ने हो यात्रूले? हुन त हिजो मात्र सम्बन्धित हाम्रो भौतिक मन्त्रीज्यूले भन्नुहुन्थ्यो यो हाम्रो प्रदेश भित्रको कुरा भन्दा बाहिरको कुरा चाहिँ नराख्दा हुने जस्तो ! तर जिल्ला र प्रदेशको सरोकारको करा हामी नउठाई बस्न सकेनौं ।त्यसकारण धार्मीक र पर्यटकीय महत्व राख्ने जिल्लाहरु मुस्ताङ्ग, म्याग्दी, बाग्लुङ, पर्वत र कास्कीको उत्तरी भागमा जाने यात्रुले कष्टकर यात्रा गर्नुपरेको अबस्थालाई मध्यनजर गर्दै यो पर्वतको र गण्डकी प्रदेशको मात्र नभै राष्ट्रीय गौरवको नै आयोजना भएका कारण यसका नीतिगत रुपमा समस्या छ भने तुरुन्त समाधान गरि कामलाई द्रुत गतिमा सम्पन्न गर्न प्रदेश र राष्ट्र सम्वृद्धिको लक्षलाई सहयोग पुऱ्याउनको लागि सभामुखज्यू मार्फत प्रदेश सरकार र केन्द्रीय सरकारको ध्यान आकर्षण गर्न चाहान्छु।जयनेपाल !

**माननीय सभामुखः-**

माननीय सदस्य श्री धनमाया पोख्रेल लामा –समय ५ मिनेट।

माननीय सभामुखज्यू, गोरखा जिल्ला बारपाक शुलीकोट गाउँपालिका-२ स्थित थलीडाँडा, दरगाउँ,बैगाम भन्ने वस्ती जहाँ २०७२ साल बैशाख १२ को भूकम्पले क्षतविक्षत बनाए पश्चात तुदुका भन्ने स्थानमा नयाँ वस्ती निर्माण भएको थियो, जहाँ हिजो बेलुकी श्रावण ४ गते परेको अबिरल बर्षाको कारण सो वस्तीमा रहेको ३२ घर मध्ये १ किराना पसल सहित १२ घर पूर्ण रुपमा क्षती र २० घर आंशिक क्षती भएको छ।स्थानीय दिल बहादुर गुरुङ्गको ट्र्याक्टरलाई पनि क्षती पुगेको र ठुलो संख्यामा पशुपंक्षीको क्षति भएको र घरभित्र रहेको खाद्यान्न सामाग्री निकाल्न नसक्दा पिडित जनताहरु भोकभोकै बस्न वाध्य छन। आजसम्म पनि कुनै निकायहरुबाट राहत तथा उद्धार कार्य नभएकोले तत्काल प्रदेश सरकारले उक्त: घटनाको स्थलगत अध्ययन तथा अनुगमन गरि बिस्थापित परिवारलाई पुनर्वास र पुनर्स्थापनाको ब्यवस्था र राहत उपलव्ध गराउन यस गरिमामय सभा मार्फत माननीय सभामुख मार्फत प्रदेश सरकार सँग जोडदार माग गर्दछु।माननीय सभामुखज्यू, घटनाको प्रकृत्ति हेर्दा सडक निर्माणको जिम्मा पाएको ठेकेदारले नाली व्यबस्थापन नगरेको,बस्ती भित्र जथाभावि सडक खनिएको आम जनगुनासो रहेको छ।बिकास निर्माणको नाममा हराभरा सुन्दर वस्तीहरुमा जथाभावि डोजर चलाउँदा कुरुप बन्दै गएको छ।यही गतिमा जाने हो भने केही बर्षहरुमा हाम्रो बिकासको शैली परिवर्तन नगर्ने हो भने ठुलो क्षती व्यहोर्नुपर्ने चुनौती देख्दछु।त्यसैले दिगो बिकास लक्ष्य हांसिल गर्नको निम्ति पनि हाम्रो बिकासे शैलीहरु परिवर्तन गर्न आवस्यक छ र प्रदेश सरकारले त्यही अनुसारको कार्यविधी बनाउन आवस्यक छ।बस्तीबस्तीमा सडक होईन, सडकसडकमा बस्ती,एकिकृत बस्ती निर्माण अनि अति आवस्यक छ। गोरखाको उत्तरी क्षेत्रमा रहेको वस्तीहरु बर्षायाम सँगै उच्च जोखिममा रहने गरेको  हरेक बर्ष बर्षासँगै उच्च जोखिममा रहने गर्दछ,जसको लागि प्रदेश सरकारले स्थायी व्यबस्था अर्थात बस्ती स्थानान्तरणको लागि विशेष व्यबस्था मिलाओस भन्ने म ध्यानाकर्षण गराउन चाहान्छु। हस त धन्यवाद !

**माननीय सभामुखः-**

माननीय सदस्य श्री मणिभद्र शर्मा –समय ५ मिनेट।

माननीय सभामुख महोदय,गण्डकी प्रदेश सरकारले दैवी प्रकोप प्राकृतिक प्रकोपमा परेकाहरुलाई राहत सहयोग गराउँदै आएको कुरा राम्रो हो। यस क्रममा बाढीपहिरो बाट धनजनको क्षतीमा सरकारले राहत दिईरहेको छ,खुसिको कुरा हो।फेवातालमा डुंगामा सयर गर्न मनोरञ्जन गर्न आउने व्यक्तीहरु दुर्घटनामा पर्दा पनि राहत सहयोग उपलब्ध गराउने कुरा माननीय मन्त्रीज्यू बाट यस सदनमा शूचित, सदनको कार्यक्रमबाट हामी शूचित हुन पाउँदा त्यो पनि राम्रो लाग्यो तर बाँदर लखट्न जाँदा कृषकको छोरा भिरबाट लडेर मर्दा वहाँलाई राहत दिन कानूनले मिल्दैन भनेर यही सदनमा वहाँले भन्दा धुरुधुरु रोएं म।कुन कानून,कुन दफा,कुन विधानले त्यो एउटा किसानको छोरा जसले बाँदर लखेट्दा भिरबाट ठहरै भयो, त्यसलाई राहत दिन मिल्दैन,त्यसलाई प्रष्ट पारिदिनका लागि म सभामुख मार्फत मन्त्रीज्यूलाई अनुरोध गर्दछु,सरकारलाई अनुरोध गर्दछु।यस्तो संवेदनाहीन कुराहरु जो एउटा युवक बाँदर लखट्दै गर्दा मर्छ, किसानको छोरा हो। किसानलाई प्रोत्शाहन गर्न अहिले भालुसँग लडिरहेका छन, किसानहरु मकै जोगाउँन। रातभरि राँका बालेर टिन ठटाएर बस्छन, त्यहाँ दुर्घटना हुनसक्छ, त्यस्ता बिषयमा त्यस्ता अप्ठ्यारा आउँदा खेरि फेरि राहत दिन कानूनले मिल्दैन भन्ने अभिव्यक्तीमा संवेदनाहिनता पाएं, यसका लागि

सरकारलाई गम्भिर हुन अनुरोध गर्दछु साथै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले निर्माण गरिरहेका मोटरबाटाहरुका दायाँ वायाँ किनारमा त्यो मापदण्ड कति हो? कति मापदण्ड छोडेर त्यहाँ घरबास बस्न पाउने हो? त्यसको पूर्णरुपमा बेवास्ता भैरहेको छ।कसैले त्यसको बारेमा गम्भिरताका साथ चासो राखिरहेको छैन। बिभिन्न संरचनाहरु, स्थायी संरचनाहरु निर्माण भैरहेका छन, भोलीका दिनमा त्यहाँ मानविय दुर्घटनाहरु पनि आउन सक्ने र फेरि राज्यले मुआब्जा क्षतिपुर्ती पनि दिनपर्ने अवस्था आउन सक्छन।बेलैको मौकैको सतर्कता जरुरी छ, यसमा सरकारको ध्यान जाओस भन्दै माननीय सभामुख मार्फत आफ्ना अनुरोध टक्र्याउँदै आफ्ना भनाई अन्त्य गर्दछु। धन्यवाद ! जयनेपाल !

**माननीय सभामुखः-**

माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहिं समाप्त हुन्छ।

अब म माननीय सामाजीक बिकास मन्त्री श्री नरदेवी पुन मगरलाई सभामा शुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका आफ्नो मन्त्रालय सँग सम्बन्धित बिषयहरुलाई संबोधन गर्न अनुमति दिन्छु।

माननीय सभामुख महोदय, शुन्य समय र विशेष समयमा उठेका कोईशनहरु, प्रश्नहरुको बारेमा मैले आफ्नो मन्त्रालयको तर्फबाट आफ्नो बिचार राख्नको निम्ती अनुमति चाहान्छु।विशेष गरिकन एउटा प्रश्न उठ्यारैछ,एक स्थानीय तह एक खेलमैदानको निम्ती धेरैपटक बजेट माग भाको माननीयज्यूले माग्दाखेरि नदिएको, वडाअध्यक्ष आउँदाखेरि दिएको यो यस्तो किन भयो? भन्ने प्रश्न यहाँ माननीयज्यू बाट उठेको रैछ। यो खालको गुनासो आकोरैछ यो चाहिं अघिल्लो बर्ष आर्थिक बर्ष ०७५।०७६ को बजेटमा हामीसँग बजेट थोरै थियो। एउटै गाउँपालिकालाई धेरै बजेट धरै शिर्षकको बजेट दिनसक्ने अबस्था थिएन, त्यसोभको कारणले गर्दाखेरि मैले बजेटका शिर्षकहरुलाई बिभिन्न ठाउँमा बाँडने बेलामा एउटा सकेसम्म एउटा गाउँपालिकामा एउटा कार्यक्रम सामाजिक बिकास मन्त्रालयको तर्फबाट परोस भनि त्यो ढंगले बजेटको विनियोजन भाको थियो र यसै वर्ष सम्बन्धित गाउँपालिकाका वडाध्यक्षहरु आउनुभाको थियो।अघिल्लो बर्ष हामीले दिन सकेनौं, यस वर्ष हामी सूचना निकाल्ने छौं।तपाईहरुले सूचना हेरेर आफ्नो प्रस्ताव राख्नुहुनेछ,त्यसमा सामाजिक बिकास मन्त्रालयको तर्फबाट बिवेक प्रयोग हुनेछ भन्ने कुरा मैले राखेको थिएं, त्यसैले म यत्ति मात्रै उत्तर दिन चाहान्छु र हामीले अघिल्लो वर्ष गाउँपालिकाहरुको निम्ति १ करोड पचासी लाख थियो र नगरपालिकाको निम्ति १ करोड थियो।हामीले सूचना आव्हान गर्यौं, सूचना आव्हान भएअनुसार धेरै निवेदनहरु प्राप्त भाको थियो र त्यसमा हामीले १३ वटा गाउँपालिका र ५ वटा नगरपालिकालाई त्यो बजेट विनियोजन गरेको कुरा यहाँहरुको बिचमा म जानकारी गराउन चाहान्छु र यसपटकको आर्थीक बर्ष ०७६।०७७ को बजेटमा हामी २२ वटा गाउँपालिकको निम्ती २० लाखको दरले ४ करोड ४० लाख वजेटको विनियोजन भाकोछ। ५ वटा नगरपालिकाको निम्ती ३० लाखको दरले १ करोड ५० लाख वजेट विनियोजन भाकोछ।हामी कार्यबिधीको अन्तिम चरणमा छौं, हामीले सूचना आव्हान गर्नेछौं र अघिल्लो वर्ष हामीले माननीयज्यूहरु अघिल्लो वर्ष जस्तै गर्ने छैनौं।अघिल्लो वर्षका सूचनाका कैयौं कमिकमजोरिलाई सुधार गर्दै यस वर्ष योजना छनोटको निम्ती सूचना आव्हान सँगै हाम्रा माननीयज्यूहरुलाई हामी सूचीत गर्नेछौं, माननियज्यूहरुको पनि सक्रिय सहभागिता सामाजिक बिकास मन्त्रालयले त्यो सक्रिय सहभागिता प्राप्त गर्नेछ र माननीयज्यूहरुको तर्फबाट अनुगमन कमजोर भयो भन्ने कुरा आको छ यस पटकको वजेट परिचालन गर्दाखेरि प्रतिफल प्राप्त गर्नको निम्ती,सहि सदुपयोग गराउनको निम्ती अनुगमनलाई व्यबस्थित गर्ने कुरा यहाँहरुको बिचमा म जानकारि गराउन चाहान्छु।संगै हामीले यस वर्ष कार्ययोजना सम्पन्न गरेका छौं, कार्यबिधि थ्रुली ड्राफ्ट सबै महाशाखाको तयार भाकोछ,केही माहाशाखाको हामी थ्रुली त्यो अध्ययन गरिसकेका छौं र केही महाशाखा बाँकी छन हामी २,३ दिनभित्र यी सबै कुरा सिध्याउँनेछौं र सूचना प्रवाह गर्ने कुरा यहाँहरुको बिचमा म जानकारि गराउँदै कतै त्यस्तो सामाजिक बिकास मन्त्रालयको तर्फ बाट कमि कमजोरी छन अथवा हामीले केही थप कृयाकलाप गर्नुपर्ने छ भने अरु अरु बेलाको बैठकमा सकारात्मक सुझावको हामी अपेक्षा गर्दै गर्दछौं र यही कुरा राख्दै मैले आफ्ना भनाईलाई अन्त गर्न चाहान्छु। धन्यवाद !

**माननीय सभामुखः-**

अब म माननीय भूमी व्यवस्था कृषि तथा सहकारि मन्त्री श्री लेख बहादुर थापालाई सभामा शुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका आफ्नो मन्त्रालय सँग सम्बन्धित बिषयलाई संबोधन गर्न अनुमति दिन्छु।

माननीय सभामुख महोदय,आज मिति २०७६।०५।०५ गते सम्मानित सदनमा विशेष समय र शून्य समयमा उठेका सवालहरुको बारेमा म संक्षिप्तमा आफ्नो जवाफ प्रस्तुत गर्न अनुमती चाहान्छु।सर्वप्रथम त माननीयज्यूहरुले विभिन्न समयमा बिभिन्न बिषयवस्तु बारेमा प्रश्न उठाउनुभएकोछ म माननीयज्यूहरुलाई हार्दीक धन्यवाद व्यक्त गर्न चाहान्छु र धेरै सवालहरु पहिले पनि चाहीँ यसको सवालको जवाफ चाहिँ प्रस्तुत गरिसकिएकोछ र कार्यान्वयन अगाडी बढिसकेको छ।पहिलो कुरा गण्डकी प्रदेशको भूमी व्यवस्था कृषि तथा सहकारि मन्त्रालय अन्तर्गत बिभिन्न निर्देशनालय, तालिम केन्द्र, फार्म केन्द्र, ज्ञान केन्द्र र बिज्ञ केन्द्र गरि कुल २५ वटा कार्यालय बाट स्थापना देखि नै यस प्रदेशको ११ वटै जिल्लाका कृषक वर्गहरुमा सेवा प्रवाह गर्दै आएको छ।साबिकको क्षेत्रीय निर्देशनालय, जिल्लास्थीत कार्यालयहरु भएकै स्थानमा हाल यस मन्त्रालयका मातहतका निकायहरु स्थापित भै संचालनमा रहेका छन। प्रदेशको निर्वाचन पूर्व स्थानीय तहको निर्वाचन पश्चात जिल्लास्थित कार्यालयका सेवाकेन्द्र तथा उपकेन्द्रहरु बिभिन्न स्थानीय तहमा हस्तान्तरण समेत भएको व्यहोरा जानकारि गराउन चाहान्छु।उक्त: सेवाकेन्द्र उपकेन्द्र तथा तिनले चर्चेको जग्गा समेत स्थानीय तहमा हस्तान्तरण हुँदा हाल प्रदेशको भूमी व्यवस्था कृषि तथा सहकारि मन्त्रालय आफ्ना कार्यक्रम समेत जिल्लामा कृषकहरुको घरदैलो र खेतबारीमा सम्म पुऱ्याउन अप्ठ्यारो हुँदै गर्दा स्वर्गीय रबिन्द्र अधिकारी स्मृति प्रतिष्ठानको नाममा हाल कृषि बिकास निर्देशनालय मालेपाटनमा रहेको जग्गा भोगचलनमा दिने भन्ने कुरा बाहिर आएको सुनियो।यस बिषयमा भूमी व्यवस्था कृषि तथा सहकारि मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको कुरा म जानकारि गराउँन चाहान्छु।यस बिषयमा यस मन्त्रालयलाई औपचारिक रुपमा कुनै व्यहोरा प्राप्त नभएको र मन्त्रालयले समेत कुनै कारवाही अगाडी नबढाएको कुरा जानकारि गराउन चाहान्छु।सेवा प्रवाह गर्ने सन्दर्भमा मन्त्रालयले आफुसँग भएको सरसम्पतीहरु हस्तान्तरण, भोगचलन भन्दा उल्टै मन्त्रालय मातहतका निकायको संख्यामा वृद्धि गरि यथाशक्य छिटो सबै जिल्लामा कार्यालयहरु तथा सेवा केन्द्र बिस्तार गरि सेवा बिस्तार गर्नुपर्ने आवस्यकता रहेको मर्मलाई बुझिदिन म अनुरोध गर्न चाहान्छु। एउटा यो जग्गाको बारेमा अहिले चाहिँ जो प्रश्न उठेको छ, अर्को प्रश्न छ यो हाम्रो दरबन्दीको सन्दर्भ लगायत पशू भेटनरि सँग सम्बन्धित बिषयमा जो बिषय उठाउनुभएको छ बिभिन्न कार्यालयको बारेमा, हाम्रो कार्यालयमा कुल चाहिँ ४१७ जना कर्मचारी दरवन्दि रहेको अबस्थामा २० प्रतिशत कर्मचारि रिक्त रहेको अबस्था छ।यो अबस्थामा कर्मचारिलाई उसको कार्यकुशलता,क्षमता,अनुभव र बरिष्ठताको आधारमा मात्र चाहिँ कर्मचारिहरुको पदस्थापन गरिएको ब्यहोरा म सम्मानित सदन मार्फत सबै माननीयज्यूहरुमा जानकारि गराउन चाहान्छु।यसै सम्बन्धमा स्याङ्जास्थित भेटनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा प्रमूख कर्मचारि पद पदस्थापनको बिषयमा जो उठान भएको छ बिषय, त्यहाँ सातौं वा आठौं तहको भेटनरि तथा लाईभस्टकको अधिकृतस्तरको कर्मचारि आवस्यक पर्ने हुन्छ,त्यस कार्यालयमा स्नातक वा सो सरहको योग्यता भएको क्षमतावान, अनुभबि र वरिष्ठतालाई समेत ध्यानमा राखि पदस्थापना गरिएको हुनाले यस बिषयमा माननीयज्यूहरुको धारणा स्पष्ट पार्न म चाहान्छु।अर्को छ,ज्ञानकेन्द्रमा कार्यरत कर्मचारिहरुको प्रतिशत मागेको भन्ने जो बिषय यहाँ माननीयज्यूहरुले बिषय उठाउनुभएको थियो,यो सम्बन्धमा भूमिव्यबस्था कृषि तथा सहकारि मन्त्रालय र मातहतका कुनैपनि निकायमा कार्यरत कुनैपनि कर्मचारीले त्यस्तो बिषय, ब्यहोरामा संलग्न भएको पाईएमा प्रमाणसहित मन्त्रालयमा चाहिँ उपलव्ध गराउनु भएमा प्रचलित कानून बमोजिम त्यस्तो कर्मचारिलाई कारवाही गरिने व्यहोरा म जानकारि गराउन चाहान्छु।यसका लागि मन्त्रालय र मातहतका निकायलाई कार्यक्रम कार्यान्वयनमा माननीयज्यूहरुको समेत सकारात्मक टिका टिप्पणी र सहयोगको म अपेक्षा गर्दछु।माननीय सभामुख महोदय,अर्को बिषय छ कृषकलाई वस्तुगत अनुदान दिनुपर्छ नगद चाहिँ हुन्न,हुन सक्दैन भन्ने बारेमा पनि प्रश्न उठाउनुभएको थियो। यो सन्दर्भमा कृषिका कार्यक्रमहरुलाई कृषकलाई अनुदान दिँदा पहिले वस्तुगत बजेट अनुदान दिईन्थ्यो।त्यसैले गर्दा कार्यालय तथा कर्मचारिको सम्बन्धित, डिलर, बिक्रेता, सप्लायर्सबाट कमिशन खायो भन्ने गुनासो बढि आएको हुनाले अहिले प्रत्यक्ष सहकारि समूह र फर्महरुलाई नै कामको आधारमा, बिलको आधारमा चाहिँ यो नगद अनुदान दिने काम भएको छ।यसको निम्ती मन्त्रालयले आवस्यक कडाई र निरन्तर अनुगमन निरिक्षण गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु।सभामुख महोदय, वर्षातको समयमा बिभिन्न जिल्लामा बाढी पहिरो तथा प्राकृतिक प्रकोप रोग, किरा तथा महामारिको कारण बाली वस्तु क्षती हुने अबस्थाको कारण बाट हामीले जिल्लास्थित ज्ञानकेन्द्र तथा विज्ञकेन्द्रमा प्रमाण सहित क्षतीपुर्तिको लागि बिभिन्न क्षतिहरु जो भएका छन,क्षतीपुर्तिकोको लागि चाहिँ निवेदन दिनका लागि चाहिँ सम्बन्धित कृषकहरुमा सूचना प्रवाह गरिदिनुहुन हार्दीक अनुरोध गर्न चाहान्छु र अघि माननीय बिनोदजी र माननीय मनकुमारी र अर्को माननीय धनमाया,वहाँहरुले

जो प्रश्न उठाउनुभाको छ, यो बिषयवस्तुको बारेमा पनि यो भन्न चाहान्छु की तपाईहरुले आफ्नो ठाउँहरुमा चाहिँ यो क्षतीको मुचुल्का सहित निवेदन चाहिँ पठाउन अनुरोध गर्न चाहान्छु, त्यसको कार्यान्वयन हामी चाहिँ सम्बन्धित कार्यालयहरु बाट र मन्त्रालय बाट पनि हामी यो आकस्मिक सेवा बाट यो कार्यक्रम छ,त्यस बाट हामी अगाडी बढाउनेछौं र अन्तमा,हाम्रो चालु आर्थिक वर्षमा मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने कार्यक्रमहरु बिभिन्न कार्यबिधी निर्देशिका बमोजिम सूचना समेत साउनको १५ गते बाट यता चाहिँ सूचनाहरु धमाधम निस्किरहेको अबस्था छ,सम्बन्धित कृषक,समूह, कृषि फर्महरु, सहकारिहरुलाई चाहिँ त्यो सूचनामा चाहिँ सूचना अनुसार आफ्नो चाहिँ निवेदन दिलाउनका निम्ती पनि म माननीयज्यूहरुलाई म सहयोगको अपेक्षा गर्न चाहान्छु र हामीले अहिले मन्त्रालय बाट चाहिँ पुरानो कार्यबिधिहरु चाहिँ हामीले १४ वटा कार्यबिधिलाई सच्याउने अन्तिम तयारीमा हामी लागेका छौं र नयाँ कार्यबिधीहरु चाहिँ हामीले ११ वटा कार्यबिधी हामीले ड्राफ्ट गरिरहेका छौं र कतिपय कार्यबिधी हामीले क्याबिनेट बाट पास गर्नुपर्ने हुनाले त्यो तयारिमा हामी लागेको ब्यहोरा अनुरोध गर्न चाहान्छु। त्यो कार्यबिधी पास भैसकेपछि पनि हामी नयाँ ढंगले चाहिँ जो बनेको कार्यबिधी अनुसार नयाँ कार्यक्रमलाई हामीले अगाडी बढाउने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु र सूचनाहरु चाहिँ अब धमाधम चाहिँ निस्किने क्रम भएको हुनाले म सप्पै माननीयज्यूहरुलाई आफ्नो सम्बन्धित हाम्रो मन्त्रालय मातहतको इकाई जो चाहिँ कृषि ज्ञान केन्द्र र विज्ञ केन्द्र छ त्यहाँ चाहिँ माननीयज्यूहरुले आफ्नो-आफ्नो जिल्लामा चाहिँ पहल कदमी लिई जनताको सेवामा समर्पित हुन अनुरोध गर्दै म आफ्नो ठाउँ बाट माननीयज्यूहरुको सुझावलाई ग्रहण गर्ने र सहयोग गर्ने पुन: प्रतिवद्धता व्यक्त गर्दै म आफ्नो संक्षिप्त चाहिँ जवाफ यहिं अन्त गर्न चाहान्छु, हस् धन्यवाद !

**माननीय सभामुख**

अब म माननीय अन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई बिधायन समितीको प्रतिबेदन सहितको पारिश्रमिक र सुबिधा सम्बन्धि केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक माथी छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल साउन ९ गते बसेको बैठकमा प्रस्तुत भै साउन १० गते दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समिति बाट प्रतिवेदन सहित प्राप्त भएको पारिश्रमिक र सुबिधा सम्बन्धि केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको बिधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ (क) बमोजिम विधायन समितिको प्रतिवेदन सहित विधेयक माथी छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद !

**माननीय सभामुखः-**

अब म उक्त विधेयक माथी छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले विधेयक माथी छलफल गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

अब यो विधायन समितिको प्रतिवेदन सहितको "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" माथिको दफावार छलफल प्रारम्भ हुन्छ।छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुको लागि १०

मिनेटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री कृष्ण थापालाई आफ्नो संशोधन प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुख महोदय, "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानून संशोधन गर्न बनेको विधेयक" माथि म छलफल गर्न गईरहेको छु र यो संशोधन गर्न बनेको विधेयक माथि पनि मैले संशोधन प्रस्तुत गरेको छु र यसमा म आफ्ना भनाई प्रस्तुत गर्न चाहान्छु।सम्माननीय प्रधानमन्त्रीको लाईभ मैले हिजो हेरेको थिएँ। हिजो हेर्दा वहाँले के भन्नुभएको थियो भने म अझ १५ बर्ष बाँच्छु भन्नुभएको थियो,त्यो कुराले मलाई साह्रै स्तब्ध बनाएको छ।देशको प्रधानमन्त्री बिरामी हुँदाखेरि वहाँले १५ वर्ष बाँच्छु भन्नुपर्ने स्थीति कसरि श्रृजना भयोरु यो कुराले साह्रै म स्तब्ध भएको छु।सामान्य मानविय कुराले पनि कोही मान्छे बिरामी हुन्छ भने उसलाई विशेषज्ञको ब्यबस्था, औषधी उपचारको व्यबस्था गर्नु सामान्य मानवियता हो नि त १ तर आज हामीले देख्यौं भने त्यसप्रति आज मानिसहरुको किन संवेदनता जाहेर हुन सक्दैनरु यसले के बताउँदछ त भने हिजो लामो समय सम्म सत्तामा बसेर देशमा गरेको भ्रष्टाचारको कारण राजनितिक भ्रष्टाचार भएका कारणले नै अहिले त्यो परिस्थिति श्रृजना भएको होला १ म प्रधानमन्त्री १५ वर्ष होईन अझ धेरै वर्ष बाँच्नुस म यो शुभकामना व्यक्त गर्न चाहान्छु र यसै सन्दर्भमा मैले आफ्ना केही भनाईहरु यहाँ प्रस्तुत गर्न गैरहेकोछु।यो पारिश्रमिक र सेवा, सुबिधाको विषय वास्तबमा आज यो प्रदेश सभामा बहसको विषय हुन नहुने हो।किन नहुने हो त भने १७८ ले ए १९१ ले बहसमा बन्देज भन्ने एउटा व्यबस्था गरेको छ।प्रदेश सभामा बहसमा बन्देज भन्ने व्यबस्था गरेको छ, यो पारिश्रमिक र सेवा सुबिधा अहिले सर्वोच्च अदालतमा बिचाराधिन मुद्दाको रुपमा रहेका कारणले गर्दा पनि यो बहसको विषय र छलफलको विषय हुन नपर्ने हो तर कुन प्रकारले कसरि यहाँ प्रस्तुत भएको छ म त्यो कुरा भन्न चाहान्छु र यो वास्तबमा संविधान बिपरित पनि छ भन्ने कुरा मैले यहाँ आफ्नो जाहेर व्यक्त गरें र प्रदेश सभाको योग्यताको विषयमा १७८ ले एउटा व्यबस्था गरेको छ। त्यसमा पनि के भनेको छ त भने

कुनैको लाभको पदमा हुनुहुने छैन भनेर त्यसले व्यबस्था गरेको छ र त्यसमा पनि के भनिएको छ त भने सरकारी कोष बाट पारिश्रमिक वा आर्थिक सुबिधा लिन पाउने र अथवा अन्य पदमा हुन नपाउने भनेर त्यहाँ व्यबस्था गरेको छ। यसरि कानूनले ब्यबस्था गरेको कुरालाई पनि उल्लंघन गरेर यदि हामी गयौं भने फेरि पनि हामी माथि त्यो आक्षेप आउदै छ कि १ देशका प्रतिनिधीहरुले, देशको सरकारले आफ्ना सुबिधाहरु मात्र भर्दै जाने काम गर्छ र जनताको सुबिधा बाट पन्छिन्छ भन्ने किसिमको जुन देशमा आरोप हामी माथि आईरहेको छ, यो कुरा पुष्टि हुने स्थीतिहरु पनि श्रृजना भएको छ र आर्कोतिर यो संविधान र ऐन विपरित पनि छ यो सेवा सुबिधा ऐन।संघीय ऐनको पारिश्रमिक सेवा सुबिधा सम्बन्धि व्यबस्था गरेको २०७३ को दफा २४ ले पनि दोहोरो सुबिधा ल्याउन हुन्न भन्ने व्यबस्था कायम गरेको छ।यदि हामीले प्रदेशले, स्थानीय निकायहरुले कानून बनाउँदा खेरि संघको ऐन र संविधानसँग यदि बाझ्ने कुराहरु गर्छौं भने त्यो स्वतः खारेज हुने कुरा छ।तर हामीले बल मिच्याईं गरेर फेरि यसलाई अगाडि ल्याईरहेका छौं, त्यसकारण मलाई के लाग्छ त भने यो संविधान विपरित छ, ऐन विपरित छ।त्यसकारण यो किसिमको कुराहरु यहाँ ल्याउन हुन्न भन्ने कुराहरु मैले प्रस्तुत गर्न चाहान्छु र त्यसकारण मैले के भन्न चाहान्छु त भने पहिले नै व्यबस्था गरेको यो सेवा सुबिधा सम्बन्धि स्थानीय निकायको दफा ८ मा व्यबस्था गरेको दोहोरो सुबिधा ल्याउन भन्ने ब्यबस्था खारेज गर्नुहुन्न,अहिले खारेज गर्न खोजिएको छ यसले वास्तबमा धेरै नराम्रो किसिमको स्थीति श्रृजना हुने अबस्था छ। मलाई लाग्छ संघियता नेपाली जनताको आममुक्तीको बुटी हो भनेर भनिएको छ,मलाई लाग्छ यो नेपालको अनुकूल छ भन्ने पनि भनिएको छ,मलाई लाग्छ संघियता नेपालको हो, होईन संघियता त हाम्रो संघियता त भारतको मोडेलको छ।यो भारतको मोडेलले त देखिहाल्यौं नि त सिक्किमकरणलाई कसरि भारतले केन्द्रिकरण गरेर त्यहाँको आफ्नो अधिकारलाई हनन गर्‍योरु के हामी त्यो कुरा बाट वञ्चित हुने अबस्था श्रृजना त हुन गैरहेको त हैनरु कतै हामीले त्यो कुरालाई उन्मुख गर्न खोजिरहेको त होईनरु त्यल्ले गर्दा खेरि म के भन्न चाहान्छु त भने संघियताले यति ठुलो आर्थिक भार बोक्न सक्दैन। व्यक्ति व्यक्तिहरुलाई सुबिधा दिएर १ सिङ्गल सुबिधा दिंदा त

आज जनताले त्यसलाई विरोध गर्ने स्थीति शृजना भैरहेको छ त भने डबल, त्रीबल र चौरल सम्म सुबिधा यदि दिइन्छ भने यो संघियताको ठुलो आर्थिक भार हो र यो आर्थिक भार नेपालीसँग यो गण्डकी प्रदेशले भोग्न सक्दैन, त्यसकारण मैले यो व्यबस्था जुन गरिएको छ, यो गर्नुहुन्न,यसलाई खारेज गर्नुपर्छ भन्ने संशोधन राख्दै आफ्ना भनाई यहिँ टुङ्ग्याउँछु। धन्यवाद १

**माननीय सभामुख:-**

**अब म** माननीय सदस्य श्री पुष्पा के.सि. भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुख महोदय,"पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" माथि छलफल गर्नुपर्दा स्थानीय तह र प्रदेश सभाका पदाधिकारि तथा सदस्यहरुको पारिश्रमिक र सुबिधा सम्बन्धि ऐन २०७४ भनेर २ वटा फरक फरक ऐन आईसकेको छ र व्यबहारमा पनि लागु भैसकेको कुरा त सम्मानित सभालाई अबगत नै छ।यिनै ऐनहरुलाई व्यबहारमा उतार्ने क्रममा उठेका असहजताहरुलाई संबोधन गर्न यो "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" छलफलको लागि आएको छ।ऐन कानूनहरु बन्दछन र समय सापेक्षित तिनिहरुलाई थपघट गर्दै परिष्कृत गरि पुन: व्यबहारमा ल्याउनुपर्ने हुन्छ र यहाँ पनि त्यहि अभ्यासलाई निरन्तरता दिएको छ।यसरि संशोधन गर्दा कतै प्रोटोकलको आधारमा र कतै कामको आधारमा दफा, उपदफाहरु थप्ने या झिक्ने गरिएको छ भने कति ठाउँमा उपयुक्त शव्दहरु प्रतिस्थापन गरिएको छ जस्तै:-स्थानीय तहका पदाधिकारि तथा सदस्यको सुबिधा सम्बन्धि ऐन २०७४ मा दफा ४ को उपदफा १ मा उल्लेखित प्रमूख तथा अध्यक्षलाई भन्ने शव्दको ठाउँमा प्रमुख,उपप्रमुख तथा अध्यक्ष,उपाध्यक्षलाई भन्ने शव्दहरु राखिएको छ।यस्तै गरि अरु दफा, उपदफामा पनि ऐनलाई ब्यबहारमा ल्याई सकेपछि आईपरेका व्यबहारिक अप्ठेराहरुलाई सहज बनाउन संशोधन ल्याईएको छ।त्यसैगरि प्रदेश सभाका सदस्यहरुको पारिश्रमिक र सुबिधा सम्बन्धि ऐन २०७४ मा पनि आवस्यकता अनुसार संशोधनका लागि यो विधेयक आएको छ जस्तै यस ऐनको दफा २ को खण्ड 'ख' मा रहेका दलका सचेतक र प्रदेश सभा समितिका सभापति भन्ने शव्दको सट्टा सत्ता पक्षको प्रमुख सचेतक, विपक्षि दलको प्रमुख सचेतक, प्रदेश सभा समितिका सभापति र दलका सचेतक भन्ने शव्दहरु राखिएको छ।यसरि मैले सानो उदाहरण मात्र प्रस्तुत गरें,समग्रमा भन्नुपर्दा समयको माग र काम गर्दा आईपरेका बाधा अड्चन फुकाउन र कामलाई गति दिन र आवस्यकता अनुसारका प्रोटोकलहरु मिलाउन पनि यो विधेयक आएको छ।यस

विधेयक प्रति मेरो र मेरो दलको पूर्ण समर्थन रहेको सभामुखज्यू मार्फत अबगत गराउँदै आज्ञा चाहान्छु। धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्य श्री दोवाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

सभामुख महोदय, आज हामी, पारिश्रमिक, सेवा सुविधा सम्बन्धी केही प्रदेश कानून संशोधन गर्ने विधेयकको सन्दर्भमा छलफलमा जुटेका छौं।अब यसले चाहिँ के जनाउँछ जस्तो लाग्छ भने अब सेवा सुबिधा कसरि चाहिँ बढाबढ गराउने होडबाजिमा चल्न थाल्यो कि जस्तो अनुभूति हुन थालेको छ।किनभने कसरि हुन्छ अब अहिले स्थानीय तहकालाई बढायो अब अर्कोफेर प्रदेश सभालाई बढाउने होला।यस्तै गरिगरि ३ बर्ष सम्म हामीले यो प्रदेशको ढुकुटी नै यस सेवा सुबिधामा सिध्याउने हो कि जस्तो अनुभूति हुन थालेको छ।विशेष गरेर मलाई चाहिँ दुईटा कुरामा अलिकति मैले बुझ्न सकिन कि के भयो।अब यो जुन विधेयक हामी छलफल गर्दैछौं, यो विधेयक छलफल गर्दाखेरिमा यो जस्तो यो असारको २५ गते चाहिँ यो राजपत्रमा प्रकाशित भयो यो चाहिँ सउन ६ गते हो कि के हो यो चाहिँ यतातिर पेश भएको।पहिला बच्चा जन्मिने पहिला हो कि न्वारान गर्ने पहिला हो यो कुरामा अलिकति मेसो भएन,त्यसकारण पहिला यो आइसकेपछि पहिला यसलाई फेरि पेश नगऱ्या भए पनि हुने थियो कि! यो छलफलमा ल्याउनको लागि औपचारिक पुऱ्याउन हो कि के हो यो कुरा मैले बुझ्न सकिन। त्यसकारणले यसलाई औपचारिकता मात्रै होला भन्नि लाग्छ र अर्को समस्या के हुँदौरैछ भने अब यो धेरै विद्वान हाम्रा मन्त्रालयका कर्मचारिज्यूहरुले धेरै मेहनत गरेर यसमा धेरै बौद्धिक वर्गका मानिसहरुले यो चाहिँ विधेयक लेखेर पेश गर्नुभाकोछ,त्यसमा सम्बन्धित मन्त्रीज्यूले पेश गर्नुभाकोछ।यसमा कस्तो हुँदोरैछ भने छलफलमा सुरु भयो, लेख्ने मान्छेहरु यहाँ हुनुहुन्न मन्त्रीज्यूले पेश गरिसकेपछि चाहिँ यसलाई हुबहु पास गर्ने भन्दा अर्को चाहिँ साह्रै छलफलमा त्यति जाँदै नजाने हामिले चाहिँ यो औपचारिक

पुऱ्याउन मात्र हो कि चाहिँ जस्तो लाग्न थालेको छ।अर्को कुरा यो जुन सेवा सुबिधाको पारिश्रमिक बढाउने कुराहरु छ,अहिले जनताहरु पुरा स्थानीय तहमा जनतालाई करले चाहिँ एकदम मार र भार पारेर ऊठ्नै नसक्ने, अब घर जग्गाको तिरो तिर्न नसकेर फेरि त्यही घर जग्गा बेच्न पर्ने हो कि भन्ने अवस्थामा जनताहरु परेका छन।यस्तो अबस्थामा फेरि स्थानीय तहका जनप्रतिनिधिहरुलाई हाम्ले सेवा,सुबिधा अझ गाडी समेत दिएर अझै जनतालाई अर्को सालमा चाहिँ जग्गा मात्र होईन घरै बेचेर कर तिर्ने वातावरण श्रृजना गर्न खोजे जस्तो लाग्छ।त्यसकारणले यसलाई हामीले कति न्यायोचित गरियो भन्ने मलाई लाग्दछ।त्यसो हुँदा खेरिमा चाहिँ अहिले जब सम्म केही यहाँ यो जुन सेवा सुबिधाको सम्बन्ध छ यसमा चाहिँ जस्तो यो पोखरा महानगरपालिकाको प्रमूख, उपप्रमूखलाई जुन स्वकीय सचिव दिने कुरा पनि यहाँ उल्लेख भयो,

यो यतिसम्म पनि लेख्ने हाम्रा विद्वान मित्रहरुले ख्याल नगरेर के यो प्रदेश सभाको सदस्यहरुको प्रदेश सभाको गरिमालाई नै उपेक्षा हुने गरेर ल्याउनलाई यो कल्ले प्रेरित गऱ्यो र कहँ बाट आयो यो कुरा भन्ने कुरा हामीले बुझ्न सकेनौं।कि अब महानगरपालिकाको प्रमुख यो प्रदेश सभा भन्दा नि माथि हो भन्न पऱ्यो हैनभने यसलाई पनि ख्याल नगरिकिन कसरि यो चाहिँ विधेयकमा यो प्रस्तुत भएर आयो? जबसम्म महानगरपालिकाको प्रमुखलाई अधिकृत लेभलको स्वकीय सचिव दिनपर्ने, प्रदेश सभाका सदस्यहरुलाई ना.सु. सरहको दिनपर्ने! के यो प्रदेश सभाको गरिमा र मर्यादा माथि नै आँच आउने खालको आयो कि भन्ने मलाई लाग्दछ त्यसकारणले यो चाहिँ हट्न पर्छ भन्ने मलाई लाग्दछ। यो बुँदा नै हट्न पर्छ भन्ने मलाई लाग्दछ र आर्को चाहिँ जबसम्म हामीले बिकास निर्माणका कुरामा हामीले विनियोजन गरेका वजेटहरु जिल्लामा गएका छन, अहिले पनि ती बजेटहरु राम्रोसँग अनुगमन, त्यसको मूल्याङ्कन, त्यसको चाहिँ कमसेकम त्यसलाई राम्रोसँग रेखदेख गर्न नसकेको कारणले गर्दाखेरिमा हाम्रा थुप्रै योजनाहरु समयमा नसकिने, अनुगमन नहुने, राम्रो क्वालिटीको योजनाहरु केरे विकास निर्माण सम्पन्न हुन नसकिरहेको अबस्थामा कमसेकम ती जिल्ला बकास समितिलाई हाम्ले पहिल्यै अब यो संबिधान निर्माण हुने बेलैमा हामिले चाहिँ हटाईदिएका भए हुन्थ्यो।जबसम्म त्यो संविधानमा ब्यबस्था गरेर राखिसकेपछि त्यसलाई पनि कमसेकम केही भुमिका दिएर उनिहरुलाई अनुगमनको पाटोमा हाम्ले चाहिँ जिम्मेवारि बनाएर सकृय बनाउन सक्या भए हुन्थ्यो।अब अहिले प्रदेश सरकारले बजेट जम्मा जिल्ला समन्वय समितिलाई ५ लाख रुपैयाँ बजेट छुट्याएर त्यो एउटा जिस्काउन दिए जस्तो खालको उनिहरुलाई नि उपेक्षा गरेजस्तो छ। कम से कम उनिहरुलाई बजेटमा केही अलिकिति पुनर्विचार गरेर उनिहरुलाई बरु सक्रिय बनाएर उनिहरुले प्रतिवेदन प्रदेश सभामा पेश गर्ने, त्यहाँका चाहिँ बिकास निर्माणको अनुगमन गरेर राम्रोसँग त्यहाँको चाहिँ प्रदेश सरकारका, प्रदेश सभाका सांसदहरु पनि त्यहाँ सहभागिता भएर त्यल्लाई चाहिँ त्यो बिकास निर्माणलाई अलिकिति सकृयता बनाएर अलिकिति अनुगमनको पाटो सकृय बनाएर उनिहरुलाई सकृय भुमिका दिन सक्न पा भएदेखि त्यल्ले एउटा बिकास निर्माणलाई अगाडि बढ्थ्यो। अहिले पनि कतिपय बिकास निर्माण अलपत्र थुप्रै हिजो पनि कुरा ऊठे पिच हुन पाछैन, भत्किन सुरु भा का छन, बाटाहरु चाहिँ खनेका छन त्यो चाहिँ बाढीले बगाएर अहिले पनि जस्ताका तस्तै भैसकेका अबस्थाहरु छन।हामिले पटक पटक भन्यौं असारे वजेटहरु ल्याउन हुँदैन भनेको गतसालमा अहिले पनि त्यही पुनर्बिधी दोहोरिएको छ।अब आगामि साल पनि त्यही होला !त्यसकारणले गर्दा खेरिमा जिल्ला समन्वय समितिलाई अलिकति चाहिने हाम्ले सकृय बनाएहुँदि राम्रो हुन्थ्यो भन्ने मलाई लाग्दछ।सँगसँगै अहिले जिल्ला समन्वय समितिका सदस्यहरुले नि धेरै गुनासोहरु आएर पटक पटक मुख्यमन्त्रीज्यूलाई नि भेटेर मन्त्रीज्यूलाई नि भेटिसकेका अबस्थाहरु छ र गाउँपालिका र नगरपालिकाका वडाअध्यक्षको र हाम्रो मर्यादाक्रम

के हो ? सेवा सुबिधामा पनि हाम्लाई त्यही अन्सार बाट चाहिँ अपमान गरियो भन्नेखालका कुराहरु पनि उठेका छन।एउटा हाम्ले संबिधानले र बिधिपुर्वक ढंगबाट उनिहरु चाहिँ अब चाहिँ संवि केरे समन्वय समितिको सदस्य भैसकेपछि वहाँहरुलाई पनि कमसेकम मर्यादा र वहाँहरुलाई सेवा सुबिधामा पुनर्विचार गर्न पा भा हुँदी धेरै उपयुक्त हुन्थ्यो भन्ने मलाई लाग्दछ।त्यो कुरालाई पनि पुनर्विचार गरियोस् भन्ने म आग्रह र अनुरोध गर्न चाहान्छु।जबसम्म स्थानीय तहका प्रमूख र उपप्रमूख र उपाध्यक्षहरुलाई गाडी खरिदको सेवा, सुबिधाको सम्बन्धमा छ यो ८५ वटा गाउँपालिकाका उपप्रमूखहरुलाई गाडी किन्दाखेरिमा धन्दै ६० करोड रुपैयाँ जाँदोरछ यो गण्डकी प्रदेशको, भने एउटा गाडी किन्दा ७० लाख जाँदाखेरिमा चाहिँ ७०/७१ लाख जाँदाखेरिमा चाहिँ ६० करोड जति जाँदोरछ। आखिरिमा जनताले तिरेको कर बाट एउटा गाडी किनेर ७० लाख रुपैयाँ हाम्ले खर्च गर्न थालेम भने पोखरा महानगरपालिका जस्तोले त केही अप्ठेरो परदैन होला तर सामान्य गाउँपालिकाको त १ बर्षको वजेटै जाने हो कि जस्तो देखियो।त्यसले गर्दाखेरिमा यसलाई हामीले कति न्यायोचित गर्न सक्यौं,जनताले उठाएको करबाट चाहिँ फेरि अझै ढाड सेक्ने काम हुनथाल्यो कि भन्ने मलाई लाग्दछ तर नदिनि भन्ने कुरा हैन त्यसको उपाय कसरि खोज्ने भन्ने मात्रै कुरा हो
भन्ने मलाई लाग्दछ र अरु चाहिँ तलब, भत्ता, ड्राईभर, मसलन्द खर्च गर्दाखेरिमा धन्न त २० करोड जति जाँदोरैछ। ७९ करोड,८० करोड रुपैयाँ जति यो प्रदेशको चाहिँ भनेको आखिरिमा यही चाहीँ गण्डकी प्रदेशका जनताले उठाएको करबाट चाही खर्च गर्ने पैसा हो त्यसकारणले गर्दाखेरिमा चाहिँ यो एकदम न्यायोचित भएन कि भन्ने मलाई लाग्दछ।जबसम्म यो हाम्ले गाडी नै यदी दिनि हो भने र अर्को कुरा म के राख्न चाहान्छु भने यो जबसम्म स्थानीय तहका उपप्रमूखलाई गाडि दिनि कुरा चाहिँ यो नातावाद र कृपावाद बाट आयो कि! भन्ने मलाई लाग्दछ।किनभन्दा हाम्रा प्रदेशकै विशिष्ट व्यक्तिहरुका पारिवारिक पनि त्यसमा सहभागिता भएका कारणले गर्दाखेरिमा त्यतातिर चाहिँ उन्मुख भा को हो कि भन्ने पनि लाग्न थालेको छ।त्यसकारणले गर्दाखेरिमा हाम्ले एउटा परिवार वाट नातावाद वाट हाम्ले त्यता उन्मुख हुन थालेम भने यो प्रदेशको सम्बृद्धी हाम्ले कसरि अगाडी बढाउन सक्छौं? हाम्लाई लागेको थियो, जबसम्म यो प्रदेशको मुख्यमन्त्री, यो प्रदेश सरकार चाहिँ कमसेकम चाहिँ आर्थिक नीतिमा एउटा चाहिँ पारदर्शि ढंगबाट र यो प्रदेशलाई चाहिँ एउटा सबिलम्ब ढंगबाट अगाडी बढाउन सक्छ कि ! भन्ने हाम्ले सोचेका थियौं, अहिले चाहिँ अब यो प्रदेशको सरकार र मुख्यमन्त्रीज्यूको यो इन्ट्रेष्ट नभैकन यो चाहिँ आएको जस्तो मलाई लाग्दैन, त्यसले गर्दाखेरिमा यसले कतै यो प्रदेश सरकारलाई र गण्डकी प्रदेशलाई नै एउटा आँच आउँछ कि भन्ने पनि मलाई लाग्न थालेको छ र यदी उपप्रमुख ज्यूहरुलाई गाडी नै दिइनी हो भने शिंहदरवारमा अहिले पनि हजारौं गाडी चाहिँ राम्रा खालका चाहिँ गाडीहरु थन्किएर बसेका छन,अहिले कमिशनको खेलमा चाहिँ राम्रा

गाडीहरु चाहिँ शिंहदरबार पछाडी थुप्रै थन्क्याएर राखेर फेरि अहिले सयौं गाडीहरु किनेर चाहिँ खरिद गरिएका छन कमिशनको खेलमा।यदि चाहिँ उपप्रमुखज्यूहरुलाई गाडी दिने हो भने प्रदेश सरकारले संघीय सरकारलाई समन्वय गरेर अनुरोध गरेर तिनै गाडी ल्याएर कुनकुन चाहिँ उपमेयरज्यूहरुलाई चाहीएको हो त्यसलाई परिपूर्ति गरिदिए त भैहाल्थ्यो होला ! त्यसकारणले गर्दाखेरिमा प्रदेशको चाहिँ यत्रो ठुलो धनराशि खर्च गर्ने ढंगबाट यो चाहिँ आकोछ। यो चाहिँले गर्दाखेरिमा गण्डकी प्रदेशलाई नै एउटा आँच आउने र चाहिँ हाम्रो माथि प्रश्न चिन्ह आउँछ कि भन्ने मलाई लाग्दछ,त्यल्लाई यो पुनर्विचार गर्न र यो गाडीको सन्दर्भमा चाहिँ शिंहदरवारमा राम्रा खालका काम चल्ने खालका गाडीहरु थन्किएर बसेका छन, त्यो चाहिँ गाडीहरुलाई बरु उपलब्ध गराएर, वहाँहरुलाई गाडी नदिनी भनेको हैन,यसरि गाडी दिनि भनेन भन्ने खालको कुरा पनि यहाँ भोली मिडियामा आउनसक्छ।ती गाडीहरु उपलब्ध गराईदियो भने वहाँका चाहिँ, वहाँलाई सेवा सुबिधा जत्ति भएनि पुग्छ भन्ने मलाई लाग्दछ र अन्तिममा यो दोहोरो सेवा सुबिधाको कुरा चाहिँ अहिले धेरै कुरा नगरौं किनभने समस्याहरु रैछ, दोहोरो सेवा सुबिधाको कुरा ! सिङ्गापुरमा जागिर खाने र ईण्डियामा जागिर खानेले पाउने, नेपालमा जागिर खानेले नपाउँदा खेरिमा कताकता चाहिँ त्यसको सन्तुलन मिलेन कि भन्ने लाग्छ, त्यल्ले गर्दा खेरिमा यसलाई धेरै कुरा नगरौं।म यिनै निवेदन गर्दै आफ्ना भनाई अन्त्य गर्छु। धन्यवाद ! जयनेपाल !

**माननीय सभामुखः-**

माननीय सदस्य श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सभामुखज्यू, हामीले पारिश्रमिक र सेवा सुबिधा सम्बन्धि ऐन संशोधन गर्न बनेको विधेयकको बिषयमा छलफल गरिराख्दा हामीले बिषय धेरै गम्भिर र अहिले हाम्रो बाटो र हाम्रो दिशा कतापट्टि सोझ्याउन खोजिराखेका छौं भन्ने कुरा शायद सबैलाई छर्लङ्ग छ।मैले धेरै व्याख्या गरिराख्न पर्छ जस्तो मलाई पनि लाग्दैन।मैले त्यो बिषयवस्तुमा शायद अघिल्लो छलफलमा पनि केही बिषयवस्तुहरु राखें,सबभन्दा अगाडी यो जो विधायन समितिको प्रतिवेदन पेश भैराखेको छ, बिधायन समितिभित्र एउटा अटोक्याटीक सिष्टम लागु हुँदैछ।मैले बुझिराखेको छु, कतिपय साथीहरुले त्यहाँभित्र आफ्ना जो मतलाई दर्ज गर्न खोजिराख्नुभको छ र त्यहाँ डिक्टेट गर्न खोजिराखिएको छ, यो अटोक्याटीक रुपमा आफ्नो विधायन समितिको तर्फबाट सभापतिज्यु लगायत अरु सबै चाहिँ त्यहाँ भित्र जो हामीले मैले अहिले अनभूति गरेको कुरा के हो भने सदस्यहरुले आफुले त्यहाँ फरक मत लेख्न पाउनुपर्छ र त्यो सदस्यको हरेक सदस्यको राईट्स हो तर त्यो राईट्सलाई आज कुण्ठित गर्नुभनेको त्यो संसदको अपमान हो र हामीलाई दिएको अधिकारको अपमान हो, मैले अनभूत गरिराखेको छु एउटा कुरा ! दोश्रो कुरा जो हामी अहिले चाहिँ संसदमा हामीले जो छलफल गरिराखेका छौं यो छलफलको बिषयवस्तु नै मुख्यगरि ६ वटा प्रदेशका यी विषयहरु आज अदालतमा मुद्दा परिराखेको छ त्यो अदालतमा बिचाराधिन छ तर

त्यो विचाराधिन बिषयलाई संसदले पारित गर्ने कुरा के आफैंले बनाएको संबिधान आफैंले च्यात्नुहुन्छ? आफैंले बनाएको संविधानलाई आफैंले लात मार्नुहुन्छ ? यही हो तरिका ! यो मुलुकमा कहिँ संविधान पालन गर्नुपर्दैन? संविधानलाई ख्याल गर्नुपर्दैन ? अनि यो संबिधान अपूर्ण भयो भनेर हामीले भन्दाखेरि यी संबिधान मानेन भनेर भन्ने? व्यबहारत: पहिला तपाईंले पहिला संबिधान मानेर देखाउनुस अनि त्यसपछाडी बल्ल हामीलाई वकालत गर्नुहोला,बल्ल हामीलाई सुझाव दिनुहोला।म अनुरोध गर्न चाहान्छु, हामीले यो विषयवस्तुमा पटक पटक भनिराखेका छौं। यतिबेला जनताले सबभन्दा अगाडी संघीयता मार्फत आफ्नो घरघरमा सेवा खोजेको छ। आफ्नो पहुँचमा सेवा खोजेको छ।आफ्नो जनताको आफ्नो नजिक बाट उसले आफ्नो चाहिँ सुबिधा खोजिराखेको छ।तर आज हामी जनताले जिताएर पठाएका प्रतिनिधीहरु सबभन्दा अगाडी जनतालाई सेवा दिने कुराभन्दा आँफु कति छिटो सेवा, सुबिधा लिने भन्ने कुरामा बहस गरिराखेका छौं।यो छलफल साँच्चै जनताले सुन्यो भने लाज लाग्छ।मलाई यतिबेला साँच्चै भन्ने हो भने सुबिधाको बिषयमा छलफल गर्नुपर्दा खेरि मलाई लाज लाग्छ।जनताले के भन्छ त्यतिबेला, तपाईं खुट्टाले हिंडेर जानुभो भने स्वागत गर्छ तर गाडी चढेर जाँदाखेरि धूलो खाएको जनताले अनि त्यतिबेला त्यो जनताले चाहिँ धूलो खाँदै धूलो टक्टक्याउँदै नेता आयो आज गाडीले चाहिँ धूलो उडाएर हामी धूलो खाँदैछौं, नेता सरर गाडीमा कुद्‌दैछ।यही होईन नेपालीको जनताको भ्वाईस! आज हामी जनताको भ्वाईसलाई लात मार्ने ? अनि हामी सुबिधा बढाउने कुरा गर्ने ? अनि यो तरिका बाट यो नेपालमा के संघीयता टिक्छ? आज त्यो संघीयतालाई आफैंले आफैंले आत्मघाती हिसाबले तपाईले फायर गर्दै हुनुहुन्छ, सचेत रहनुहोला र म अनुरोध गर्न चाहान्छु आफैंले यो आत्मघाती प्रकारको चाहिँ फायर गर्दै हुनुहुन्छ, त्यो अन्तिममा तपाईको छातीमा आएर गोली लाग्यो भने तपाई ढल्नुहुन्छ याद गर्नुहोला,म अनुरोध गर्न चाहान्छु।धन्यवाद !

**माननीय सभामुखः-**

माननीय सदस्य श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु।

सभामुख महोदय, आज हामी पारिश्रमिक र सुबिधा सम्बन्धि केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक उपर छलफलमा जुटिरहेका छौं।गण्डकी प्रदेश आन्तरिक मामीला तथा कानून मन्त्रालयले ल्याएको उक्त: विधेयक जनचाहना र जनभावना विपरित आएको छ।नेपाली जनताहरुले संघीय लोकतान्त्रीक गणतन्त्र स्थापना पछि परिवर्तन चाहेका थिए।सम्बृद्धि चाहेका हुन।सुशासन अनि भ्रष्टाचारमूक्त समाज तथा प्रदेश चाहेका हुन।अहिले गण्डकी प्रदेश सरकार उल्टो बाटो हिंडिरहेको छ।अहिले प्रदेशको सबैभन्दा भ्रष्ट जिल्लामा कास्की जिल्ला परेको कुरा हालै प्रकाशित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रिपोर्टमा उल्लेख छ।यसलाई न्यूनिकरण गर्ने कन्ट्रोल गर्ने तर्फ सरकार लाग्दैन तर जनप्रतिनिधिको सेवा सुबिधा थप्ने तर्फ

लागेको छ।यो कुरा जनताहरुले पटक्कै रुचाएका छैनन।राजधानीवासि मानिसहरुलाई पनि, राजधानीवासिका माननीयहरुलाई पनि घरभाडा १५०००।- को आधा ७५००।-, फर्निचर सुबिधा ५ वर्षको एकमुष्ठ ५००००।-,आदी थपेको सम्बन्धमा म घोर विरोध गर्न चाहान्छु र यसलाई साबिकमै कायम गर्नुपर्दछ यो मेरो अनुरोध हो।सभामुख महोदय,हामीले प्रदेश निर्वाचन क्षेत्र विकास आयोजना भनेर प्रत्येक निर्वाचन क्षेत्रमा २ करोडका दरले ७२ करोड छुट्ट्याएका छौं,त्यो पनि विवादित छ।त्यसको सट्टा योजना बैंक बनाएर योजनाको प्राथमिकता निर्धारण गरेर छनोट गर्दा राम्रो हुन्छ।सबै माननीयहरुको पनि सम्मान हुन्छ। यो कोषको लागि पनि हामी माननीय माननीय बिच लफडा श्रृजना हुँदैछ,असमझदारि बढनेवाला छ।यो नराखेको भए राम्रो हुन्थ्यो र टोलटोल वडावडामा उसले पायो मैले पाईन भनि विवादको जड बढने संभावना देखिएको छ त्यसैले यसको पनि म बिरोध गर्न चाहान्छु।सभामुख महोदय, प्रदेश सरकारले अब यस्ताखाले सेवा सुबिधा जनप्रतिनिधिहरुलाई बढाउनुको सट्टा जनताहरुलाई छिटो छरितो न्यायलय बाट न्याय पाउने वातावरण, कुनैपनि कार्यालयमा घुस नखाईकन काम सहज र छिटो छरितो हुने वातावरण, ट्याक्सको दर होईन, दायरा फराकिलो पार्ने, बैंक ब्याज सस्तो र सर्वसुलभ पार्ने, कुनै जनताहरुलाई पनि फरक आस्थाका आधारमा भेदभाव नगर्ने, यो भेदभाव प्रदेश सभा सदस्यहरुलाई पनि हुनुभएन।यहाँ त बत्ती मुनि नै अँध्यारो छ।आफ्ना सभासदलाई काखा च्याप्ने प्रवृत्ती  र योजना प्रचुरमात्रामा दिने, अर्का पाटीका सांसद तपाईहरुको काम त योजना छान्ने होईन, नीति,नियम,कानून बनाउने हो भन्ने गुरुले जस्तो विद्यार्थीलाई सिकाउनुहुन्छ।प्रवृत्ति यो खालको प्रवृत्ति जुन अहिले स्वयं मन्त्रीज्यूहरुले नै  सम्मानित सदनमा भन्नुभयो, त्यो प्रवृत्तिको पनि अन्त्य गर्नुपर्दछ।सरकार संकुचित मानशिकताको दायरा बाट माथि उठ्नुपर्छ।आफ्नो र अर्को उपर पक्षपात गर्नुभएन।पाटीभन्दा माथि उठ्नुपर्छ।अहिले भोट नदिनुभएका जनताहरुले भोली भोट दिनसक्छन।सरकारको काम प्रवृत्ति उदारताले फरक आउन सक्छ।अत: सबैलाई समान व्यबहार र समान सरकारले गर्न सक्नुपर्दछ।सभामुख महोदय, अत: म सभामुख मार्फत सरकारलाई ध्यान आकृष्ट गर्न चाहान्छु। फेरि पनि के भन्न चाहान्छु भने हामी जनताको काम गर्नको लागि, बिकास गर्न,जनताहरुलाई अन्याय हुन नदिने वातावरण मिलाउन, नीति नियम कानून बनाउन आएका हौं त्यसैले जनप्रतिनिधिहरुको उपर ल्याईएको यो विधेयक जनचाहना विपरित छ।जनताहरुले पचाउन सकेका छैनन, त्यसैले यो विधेयक खारेज हुनुपर्दछ।यो म सभामुख मार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु। धन्यवाद ! जयनेपाल !

**माननीय सभामुख**

माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु।

माननीय सभामुखज्यु,सर्वप्रथम त हाम्रो १ जना सभासद सम्मानित सभासदले हाम्रो देशको सम्माननीय प्रधानमन्त्रीको स्वास्थ्यको बारेमा एकदमै चासो राख्नुभयो, त्यसका लागि धन्यवाद

व्यक्त गर्न चाहान्छु र हाम्रो गौरवशालि देश नेपालका सम्माननीय प्रधानमन्त्रीको स्वास्थ्यको पूर्ण स्वास्थ्यलाभको कामना गर्न चाहान्छु।माननीय सभामुख महोदय,आज हामी यो सम्मानीत सार्वभौम नेपाली जनताको आस्था र विश्वासको यो साझा चौतारी गण्डकी प्रदेश सभामा सबै सभासद मित्रहरुमा सम्मान व्यक्त गर्न चाहान्छु।हामी यो १८ महिनाको दौरानमा हामी छलफल गरेका छौं, बहस गरेका चाहिँ छौं र संवाद गरेका चाहिँ छौं।त्यसपछि समन्वय पनि गरेका छौं र हरेक काममा हामी सहकार्यका साथसाथ अगाडी बढेका चाहिँ छौं र यसै क्रममा आज हामी यो सम्मानीत सभामा हाम्रो प्रदेशको यो पारीश्रमिक र सुबिधा सम्बन्धि केही प्रदेश कानून संशोधन गर्न बनेको विधेयक हाम्रो टेबुल पहिल्यै भैसकेको थियो र आज यसलाई पास गर्नको लागि हामी यहाँ छलफल गऱ्यौं र धैरै सभासदहरुले आफ्नो विचारहरु पनि यहाँ आईरहेको चाहिँ छ र यो विधेयकलाई अब हामी छलफल पछाडि एकखालको पास गर्नुपर्ने आवस्यकता चाहिँ छ।सभामुख महोदय, नेपालीमा एउटा उखान छ,यो माछा देख्यो भने कुरभित्र हात अनिसर्प देख्यो भने कुर बाहिर चाहिँ हात भन्ने एउटा उखान छ अहिले यो धैरै सभासदहरुले भनिरहँदा यहाँ संझेको चाहिँ छु र हामी चाहिँ एउटा जिम्मेवार सदस्यको हैसियतले हामीमा एउटा डबलस्टाण्ड एउटा द्वैधचरित्र हामीमा गर्नु चाहिँ हुँदैन र हामीले हरेक बिषयलाई गम्भिरतापुर्वक लिएका चाहिँ छौं, लिनेछौं र त्यो चरित्र प्रदर्शन नगरिकन हामी सर्वप्रथम यो प्रस्तुत विधेयक प्रति हामी सबैको एउटा जिम्मेवारी र जवाफदेहिता हुन चाहिँ आवस्यकता छ।सभामुख महोदय,यो सम्मानित सभामा हाम्रो एउटा बिधी छ,हाम्रो कार्यब्यबस्था समिति चाहिँ छ,बिभिन्न हाम्रा समितिहरु चाहिँ छन र त्यहाँ हामी व्यापक छलफल गर्छौं हरेक बिषयमा छलफल गरेर हामीले अहिले सम्मको हाम्रो प्राक्टीस भनेको हामी हरेक एउटा समझदारीमा, समन्वयमा ,सहकार्यमा र हामीले सबै विषयहरुलाई एक खालको सर्वसम्मत नै निर्णय गरेर अगाडी बढेका चाहिँ छौं अहिलेसम्मको हाम्रो आएको हाम्रो आफ्नो प्राक्टिस त्यही नै हो।त्यसो भएको हुनाले हामी यहाँ बोलिरहने सबै सभासदहरुले के कुरा हेक्का राख्नु जरुरी छ भने अहिले यो भरखरै एकैचोटि तुरुन्तै यो ल्याएको विधेयक चाहिँ हैन,हामी धैरै छलफल गरेका चाहिँ छौं,हाम्रो कार्यब्यवस्थामा छलफल भएको छ बिभिन्न समितिमा छलफल भएको छ।त्यसो भएर यो अहिले भरखरै रातारात सत्तारुढ पाटीले सुटुक्क चाहिँ यहाँ ल्याएको हो कि! जस्तो गरेर हामी पेश हुनुभएको जस्तो त मलाई लाग्याछैन तर एकखालको छनक हेर्दा त्यस्तो चाहिँ देखिन्छ, त्यो चाहिँ हैन।अब सुरु देखि म भन्दा अगाडी सम्म बोल्ने सम्मानित सभासदज्यूहरुले एकखालको चिन्ताहरु व्यक्त गर्नुभाछ, यो अदालतमा मुद्दा छ, अब गाडी किन्दा करोडौं चाहिँ खर्च हुन्छ,यो नलिंदा पनि ठिक हुन्थ्यो आदी, ईत्यादी विषयहरु आएका चाहिँ छन।पहिलो कुरा त हाम्रो यो सम्मानित सभामा र हाम्रो प्रदेश सभालाई कुनैपनि अदालतले कुनै पनि कार्यालयले यसको बारेमा औपचारिक मैले आज बिहान पनि सोधेको चाहीँ थिएँ, कुनै औपचारिक चिठि हामीलाई आएको चाहिँ छैन अब बाहिर हल्लाको

भरमा, अनलाईन समाचारको भरमा र कुनै भन्तेसुन्तेका कुरामा हामी त्यो विश्वास चाहिँ गर्दैनौं र अर्को बिषय यहाँ अब गाडी किनेर धेरै खर्चहरु हुने आदी ईत्यादी चिन्ता पनि व्यक्त गरिएको छ यो भन्न खोजेको बिषय के हो ? यो सुबिधा कि यो गण्डकी प्रदेशले अहिले भरखरै गाडी किनेर सबै सुबिधा प्रदेश सरकारको तर्फ बाट सबै दिन खोज्या हो? हामी सबै तपाई हामी सबैलाई थाहा छ त्यो हैन।विशेष गरेर उपप्रमूखहरुको संबिधानत: संबिधानको धारा ५६,५७,५८,१३१,१३२,त्यसले गरेको ब्यवस्था स्थानीय तह, केन्द्र सरकार , प्रदेश सरकार र स्थानीय सरकारको बिचमा सहकार्य हुनुपर्ने, सहअस्तित्व हुनुपर्ने र समन्वय चाहिँ गरेर अगाडी बढ्नुपर्ने ब्यबस्था संबिधानत: चाहिँ छ।त्यसो भैसकेपछि बिशेष गरेर उपप्रमूखले गर्नुपर्ने काममा समन्वयलाई ध्यान दिनुपर्ने, त्यसपछि न्यायीक समितिको चाहिँ काम गर्नुपर्ने र अनुगमनका कामहरु चाहिँ गर्नुपर्ने।अब आजको यो जमानामा हामी कसैले पनि विश्वास गर्न सक्दैनौं कि ! अब पोखरा बजारमा त यहाँ हिंडेर काम गर्न सक्दैनन भने अब एउटा वार्ड बाट अर्को वार्डमा चाहिँ जान १ दिन लाग्ने धेरै त्यस्ता चाहिँ दुर्गम ठाउँहरु चाहिँ छन, त्यो ठाउँहरुमा त्यो संभव छैन। किनभने हामीले तीतो सत्यलाई स्वीकार्नुपर्छ र गण्डकी प्रदेश सरकारले गर्न खोजेको त्यो वास्तविकतालाई स्वीकारेर वहाँहरु आफ्नै चाहिँ तपाईको खर्चमा गर्न सक्नुहुन्छ भने त्यो गर्ने बाटो खोलिदिएको मात्रै हो कानूनले।प्रदेश सरकारले सबै किनेर दिने हैन,त्यो कुराको हेक्का राख्दै हामीले एक खालको विषयहरु उठान गर्नपर्छ भन्ने मलाई चाहिँ लाग्छ।अब जहाँसम्म यो सेवा सुबिधा सबै लिएर जनतालाई असुबिधा गर्न खोजेको यो सरकारले हैन,सेवा सुबिधा लिन खोज्या पनि हैन,यो आज भन्दा १ वर्ष अगाडी नै हामी सबै सर्वसम्मत प्रदेश सभाको सेवा सुबिधाको बारेमा र स्थानीय तहका सेवा सुबिधाको बारेमा एक वर्ष अगाडी नै हमी त्यो सबै कुराहरु पास भेसकेको विषय हो,अहिले त मात्रै यहाँ केही थोरै विषयहरु यहाँ उठान भएका छन।यसमा खास गरि मूलत: दुई तिन्टा बिषयहरु मात्रै छन। एउटा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सम्बन्धमा ऐन २०७४ संशोधन स्थानीय तहका सदस्यको सेवा सुबिधा सम्बन्धि ऐन २०७४ को, यसमा पनि त्यति धेरै कुराहरु चाहिँ छैनन, मात्र के छ भने महानगरको प्रमूखलाई दिने स्वकीय सचिव, उपप्रमूखलाई दिने स्वकीय सचिवहरुको बारेमा केही बिषयहरु चाहिँ उठेको थियो र त्यो पनि हाम्रो विधायन समितिमा सर्वसम्मत निर्णय भएर त्यो सुझावहरु आईसकेपछि त्यसमा मात्रै केही थोरै कुराहरु संशोधन चाहिँ गरिएको हो।अब त्यसपछाडी यो नीजिसचिवालयको बारेमा जुन प्रमूख, उपप्रमूखको कुरा छ मैले भनिसकें, त्यसमा थोरैथोरै मात्रै संशोधन गरिएको हो त्यो पनि के को आधारमा? सर्वसम्मत निर्णयको आधारमा।विधायन समितिमा सर्वसम्मत निर्णय गरेपछि त्यो भएको हो र प्रदेश सभाका पदाधिकारी तथा पारिश्रमिक सुबिधामा पनि खासै यहाँ त्यति धेरै तात्विक चाहिँ भिन्नता केही पनि छैन, यसमा चाहिँ अब केही दलका सचेतक, प्रदेश समितिका सभापति भन्ने ठाउँमा शव्दहरुको सट्टामा सत्तापक्षको प्रमूख सचेतक, विपक्षी दलको प्रमूख

सचेतक र सभा समितिका सभापति र दलका सचेतक भन्ने शव्दहरु थोरै त्यो शव्दहरु फेरवदल भएकोमात्रै यहाँ चाहिँ देखिन्छ, अहिलेको यो। त्यसपछाडी अर्को एउटा विषय यो ८ नम्बर दफा ८ मा यो दोहोरो सुबिधाको कुराहरु जुन थियो, त्यो हामीले यहाँ एउटा हटेको चाहिँ छ।अब यो हटेर एउटा सभासदलाई तपाईले यो गर्नुहुन्छ यो गर्नुहुँदैन भनेर भनिरहन पर्छ जस्तो मलाई चाहिँ लाग्दैन।त्यसै गरेर एउटा निर्वाचित सम्मानित जनता बाट निर्वाचित व्यक्तिलाई तपाईले दोहोरो सुबिधा लिनुहुँदैन वा लिनुहुन्छ भनेर त्यो कखरा पढाईरहनपर्छ जस्तो मलाई चाहिँ लाग्दैन किनभने स्वयं व्यक्तिले स्वयं आफैं एउटा अनुशासित जननिर्वाचित प्रतिनिधि भएको हुनाले वहाँहरुले त्यो गर्नुहुँदैन भन्ने विश्वासको आधारमा हामीले चाहिँ यो गरिएको हो र यो सम्मानित सभाले त्यो गरेको हो भन्ने हामीले चाहिँ बुझ्न जरुरी छ।अरु धेरै त्यस्तो चाहिँ फेरवदलहरु यहाँ अहिलेको हाम्रो यो पारिश्रमिक सुबिधा सम्बन्धि केही प्रदेश कानून संशोधन गर्न बनेको विधेयकमा त्यस्तो खासै केही देखिंदैन।सबैको हातहातमा यो छ,सबैले पढ्नुभाछ र केही अहिलेको समसामयीक बिषयहरुलाई यसले संवोधन गरेको चाहिँ देखिन्छ र त्यो त्यति धेरै ठूलो तात्विक पहिला हामीले जे पास गऱ्यौं, सेवा सुबिधा सम्बन्धी ! अहिलेकोमा त्यस्तो खासै तात्विक भिन्नता चाहिँ छैन, तसर्थ म के भन्न चाहान्छु भने यहाँ प्रस्तुत गर्नुभएको हाम्रो मन्त्रीज्यूले जुन पारिश्रमिक, सेवा,सुबिधा सम्बन्धि केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक प्रस्तुत गर्नुभएको छ, धेरै मेहनत गरेर ल्याउनुभएको छ,धेरै व्यबहारिक छ र कुनैपनि सभासदको सम्मानमा यसले आँच गरेको चाहिँ छैन, यो त मात्र के गरेको छ भने हामी मिटिङ्मा आएर एउटा कुरा गर्छौं, मिटिङ्मा सहमत जनाउँछौं अनि बाहिर यहाँ बाट बाहिर निक्लेपछि पत्रकारज्यूहरुलाई अनि हेलो हेलो कोही जयनेपाल कोही अभिवादन भन्दै अनि हामी चाहिंदो नचाहिंदो कुरा गर्छौं।त्यसो भएर हामी ईमान्दारितापुर्वक

(**मानीय सदस्य समय सकियो**)

हामिलाई लाग्यो भने यसमा केही पनि समस्या चाहिँ छैन रहामी सबैको जिम्मेवारी भनेको हामी जनता प्रति पूर्ण जवाफदेही भएर र अहिले हामीले चिन्ता व्यक्त गऱ्यौं ठिकै छ तर हामीले यो पनि हेक्का राखौं अस्ती भरखरै २ दिन अगाडी प्रधानमन्त्रीको नेतृत्वमा सर्वदलीय बैठक बसेको छ र त्यो बैठकले यो देशको संघीयता, लोकतन्त्र, र समावेशिता

(**मानीय सदस्य समय सिद्धियो**)

अहिलेको उपलब्धिलाई पूर्ण रुपमा रक्षा गर्ने प्रतिवद्धता व्यक्त गरेको हुनाले हामी सबै यहाँ उपस्थित सभासद पनि त्यसमा सहमत छौं तसर्थ त्यही बाटोमा हामी लाग्ने फेरि प्रतिवद्धता व्यक्त गर्दै र यसलाई म र मेरो पाटीको तर्फ बाट यो विधेयकलाई पूर्ण रुपमा समर्थन जाहेर गर्दै विदा हुन चाहान्छु। धन्यवाद ! जयनेपाल !

**माननीय सभामुख**

अब म माननीय आन्तरिक मामीला तथा कानूनमन्त्री श्री हरि बहादुर चुमानलाई छलफलमा छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

सभामुख महोदय, ‘‘पारीश्रमिक र सुबिधा सम्बन्धि केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक’’ **विधायन समितिमा दफावार** छलफल भएर सहमतीका साथ यहाँ सम्मानित यस प्रदेश सभामा पेश भएको कुरा सर्वप्रथम स्पष्ट गर्न चाहान्छु।त्यहाँ एउटा असहमति थियो,विधायन समितिमा,सचेतकको सन्दर्भमा सबै दलका सचेतक भनिनुपर्छ भन्ने थियो, त्यो असहमति छ भन्ने सहमतिका साथ हामीले विधायन समिति बाट यो विधेयक सदनमा आएको कुरा म यहाँ स्पष्ट गर्न चाहान्छु।त्यस बिषयमा जुन असहमतिको कुरा थियो त्यो यो संशोधन प्रस्तावको बिषय नै नभएको कारणले यहाँ छलफल भएन।यस सन्दर्भमा मैले अब धेरै भन्न परेन रह्यो अब सुरुमै यहाँ प्रस्तुत भएको जसको जवाफ पनि करिब आईसक्या छ र पनि यो अदालतमा विचाराधिन बिषय भन्ने सन्दर्भमा अब सम्बन्धित अथवा पूर्ववक्ता माननीयले जसरि राख्नुभाछ मैले त्यहाँ थप्न मात्रै खोज्या हुँ कि! पहिलो कुरा हामीलाई त्यो जानकारी छैन आधिकारिक जानकारि।दोश्रो कुरा संबिधानको सन्दर्भमा, कानूनको सन्दर्भमा कुनै विषय उठ्दा, कुनै प्रश्न ऊठ्दा त्यसको अन्तिम व्याख्याकार अदालत नै हो त्यसकारण अदालतले कुनै आदेश नगर्दा सम्म यो विषयमा हामीलाई कुनै रोकतोक हुँदैन अर्थात यो सम्मानीत सदनमा छलफल हुनसक्छ भन्ने कुरा पनि मैले सुरुमै स्पष्ट गर्न चाहें।अब तेश्रो कुरा पनि स्पष्ट गरौं भन्ने लाग्यो, यो सत्तापक्षलाई अर्थात सरकारलाई तर्कको लागि तर्क गर्ने छुट हुँदोरहेनछ।व्यबहार मिलाउनुपर्ने, समाधान दिनुपर्ने,यो जिम्मेवारि बोधका साथ यो पारिश्रमिक र सुबिधा सम्बन्धि यो संशोधन विधेयक यहाँ ल्याउनुपरेको कुरा पनि म स्पष्ट गर्न चाहान्छु।यस सन्दर्भमा मुख्य विषयहरु धेरै छैनन म त ४ वटै भन्छु यसमा तर पनि यो केरे पोखरा लेखनाथ महानगरपालिकालाई पोखरा महानगरपालिका भन्ने, भन्ने कुरा अनि प्रदेश सभाका माननीय सदस्यहरु जो पोखराकै बासिन्दा हुनहुन्छ वहाँहरुले मर्मत खर्च पनि नपाईराखेकोमा मर्मत खर्च दिने कुरा घरमर्मत खर्च दिने कुरा यी बिषय सामान्य बिषय नै हुन यसमा त्यति धेरै बहस छ भन्ने लाग्दैन तैपनि यो वा त्यो कोणबाट उठ्यो र त्यस भन्दा बाहेक महत्वपुर्ण बिषय ४ वटै हुन भन्ने लाग्छ।यसमा खास गरि एउटा बिषय उपप्रमूख वा उपाध्यक्षको सन्दर्भ छ।हिजो हामीले प्रमूख वा अध्यक्ष भनेर संबोधन गर्याथ्यौं प्रमूख वा अध्यक्ष जस्तै कार्यकारी भूमिकामा अहिले उपप्रमूख र उपाध्यक्ष हुनुहुन्छ।हिजो हाम्रो ध्यान पुगेन,हिजैको सोच,परम्परागत सोचका सोच नै बन्न पुगेछ,त्यल्लाई त्यति अली गहिराईमा जानुपर्ने थियो, पुगिएन्छ किनभने त्यो पनि कार्यकारी भूमिका हो। हिजोको भूमिकामा छैन, अहिलेको उपाध्यक्ष, अहिलेको उपप्रमूख।अब यस बारेमा अगाडी नै चर्चा भैसक्यो न्यायीक समितिका कुरा, अनुगमनका कुरा देखि लिएर अब त्यहाँ सभाको सञ्चालन देखि त्यहाँ वजेट प्रस्तुत गर्ने सम्मका कुरा। यी सबै विषयले अब त्यो कार्यकारी भूमिका नै हो त्यसैले कार्यकारी

भुमिकालाई हाम्ले छुट्टयाईएछ।त्यसकारण त्यसलाई एकमूष्ठ संबोधन गरौं भनेर हामीले अध्यक्ष, प्रमूख, अध्यक्ष, उपप्रमूख उपाध्यक्ष यीलाई हामीले जोडेका हौं एक!अर्को कुरा यो कार्यकारी भूमिका भैसकेपछि यातायत सुबिधाको सन्दर्भमा उपाध्यक्ष उपप्रमूखले पनि पाउनुपर्छ, त्यहाँ विभेद गर्नुहुँदैन किनभने दुबै कार्यकारी भूमिका हुन भन्ने हिसाबले यो प्रस्ताव आएको हो यो एउटा विषय त्यो हो यसकारण चाहिँ यसमा फेरि मुलकुरा त हामिले भनेको कुरा के हो भने जुन जे त्यहाँ श्रोत साधनले भ्याउँछ, त्यो अध्यक्षको मात्रै अथवा प्रमूखको मात्रै हैन, त्यो उपप्रमूख उपाध्यक्षले पनि त्यसलाई उपयोग गर्न पाउँनुपर्छ भन्ने मूल स्प्रिट हो यसको ! कुरा हिजो के भयो भन्दाखेरि कनूनमा उपाध्यक्ष उपप्रमूखलाई यातायात सुबिधा लेखेकै छैन भन्दै अब त्यो भएको साधनको पनि उपयोग गर्न पाउँनुभएन।यी कुराहरु जोडदार रुपले ऊठेर आएपछि यसलाई हामीले बाटो खोलीदिएको हो यसमा मैले यति नै भन्न चाहें।अर्को कुरा यो दोहोरो सुबिधाको कुरा यसलाई रोक्ने काम हाम्रो कानूनले रोकेकै थियो, त्यसलाई हामीले झिक्यौं।यस सन्दर्भमा धेरै हिजो पनि थिए बहस त तर पनि हामीले संबिधान अब कानून नै पालना गर्ने हो त्यहीअनुसार गरेर जाने भनेरै दोहोरो सुबिधा दिन नमिल्ने भन्ने कुरा नपाउने नै भन्ने कुरै भाहुनाले त्यल्लाई हाम्ले उल्लेखै गरेर गयौं तर यसको यस बारेमा निकै ठूलो बहस छ।हामी सबैले त्यल्लाई सुनिराख्याछौं र त्यो बहस कति जायज छ कति तथ्यसंगत छ भन्ने बारेमा हामीले हामी सबैले आफ्आफ्नो ठाउँवाट विश्लेषण गरिराछौं र पनि हामीलाई के लाग्यो भने अब हामीले रोक्ने नै काम बहसमा छ, बहस पनि के छ त भन्दाखेरि यो वेतन,तलब, सुबिधा यी सबैलाई पारीश्रमिक भनेर भनिने गऱ्याछ तरपनि अब वेतन,तलब जसलाई हामी सामान्यत: पारिश्रमिक भनेर चिन्छौं र सुबिधालाई हामी पारिश्रमिक भन्ने गर्दैनौं र यसमा फरक छ, यस सन्दर्भमा वेतन,तलब पाउनेहरुको भोली उपदान,पेन्शन आदी लगायतका कुरा पनि जोडिन्छन तर सुबिधाको त सुबिधा पाउनेहरुको हकमा त्यो त जोडिँदैन, सुबिधा जेलाई भनिन्छ र फेरि सुबिधाको सन्दर्भमा पनि मासिकरुपमा बुझिने सेवालाई पारिश्रमिकको रुपमा परिभाषित गरिएको यो पनि छ।यी सबै बहसहरुको बिचबाट हामीलाई के लाग्यो भने हाम्रो यसमा पहिलो कुरा एउटा निकै ठूलो बहस चलिराख्याछ यो वा त्यो रुपले।त्यो पनि अदालतसम्म जाला हैन गैपनि राख्याछ भन्ने कुरा पनि आईनै सक्याछ र अर्को कुरो हामीले हिजो कानून बनाउँदाखेरि हाम्रो देशको विशेषतालाई पनि ध्यान दिएनछौं भन्ने लाग्यो। हाम्रो देशको विशेषता अघी नै यहाँ चर्चा भैसक्यो ,विभिन्न देशमा गएर सेवा गरेर त्यहाँबाट चाहिँ पेन्शन पकाएर निवृत्तिभरणका साथ आउनुभकोछ र त्यही अन्तर बन्यो कसैले कुनै पेन्शनवालाले सुबिधा लिन मिल्ने कुनै पेन्शनवालाले त्यो सुबिधा लिन नमिल्ने त्यो खालको जुन एउटा स्थीति बिभेदको स्थीति जुन देखापऱ्यो यल्लाई संबोधन गर्न जरुरी छ, हामीले कानून बनाउँदा हाम्रो देशको विशेषतालाई पनि ध्यान दिनुपर्छ भन्ने बोधका साथ यो कुरा,यो दोहोरो सुबिधा भन्ने नपाउँने भन्ने कुरालाई हामीले यहाँ वाट झिकेका हौं र त्यसको निम्ती हामीले बाटो

सहज गरेका हौं।अदालतले रोक्छ, अन्यत्र अन्य बिषयले त्यल्लाई अबरोध गर्छ भने त्यो भिन्न कुरा हो र हामीले नै रोक्नुहुँदैन भनेर यसलाई खोल्ने काम गरेका हौं।अब अर्को सन्दर्भ भनेको हाम्रो प्रदेशको सन्दर्भमा पनि जसरि स्थानीय तहमा स्थानीय तहमा त अब बिभिन्न तह स्थानीय तहमा तह त एउटै हो तर पनि त्यहाँ पालिका केरे गाउँपालिका, नगरपालिका, महानगरपालिका ,उपमहानगरपालिका आदी र जिल्ला समन्वय समिति पनि स्थानीय तह नै हुनेभो यसकारण चाहिँ अब यसमा अघि खासगरि सेवा, केरे यातायात सुबिधाका सन्दर्भमा त्यसपनि कार्यकारी पदहरुलाई संबोधन गर्दा प्रमूख, उपप्रमूख, अध्यक्ष, उपाध्यक्षको कुरा त्यहाँ उल्लेख गरियो।प्रदेश सभाको सन्दर्भमा हामी सबैलाई थाहा छ,सबै राजनितिक दलहरुले अब संख्या नै अत्यन्त न्यून भएता अर्को कुरा नभएमा कुनैपनि राजनितिक दलले दलमा आफ्नो संसदीय दलहरुमा चाहिँ प्रमूख सचेतक र सचेतक दलको नेता, उपनेता,प्रमूख सचेतक, सचेतक यी सबै पदहरु निर्धारण गरिया हुन्छ भलै त्यो उपनेताले कुनै सुबिधा पाउँदैन, सत्तापक्षको दलको नेता त मूख्यमन्त्री नै हुने कुरा भैहाल्यो तर प्रमूख सचेतक र सचेतकले सुबिधा पाउँनुहुन्छ त्यसकारण हामीले हिजो सचेतक मात्रै भन्या थियौं त्यसकारण चाहिँ प्रमूख सचेतक र सचेतक हुने हुँदा यो दुईटै पदलाई संबोधन गर्नुपर्छ भनेर अहिले हामीले प्रमूख सचेतक र सचेतकको व्यबस्था यहाँ गरेका छौं।अर्को संशोधन भनेको त्यही कुरा हो र अर्को मुख्य कुरा चाहिँ महानगरको प्रमूख, उपप्रमूखलाई स्वकीय सचिवको व्यबस्था गर्ने भनेको हो यस सन्दर्भमा विधायन समितिले यसलाई संशोधन गऱ्याछ,हिजो जुन रुपले यहाँ विधेयक केरे यो संशोधन विधेयक टेवल भएको थियो अर्थात म आफुले यसलाई पेश गऱ्या थिएँ, त्यतिबेला अधिकृतस्तरको मेयरलाई र उपमेयरलाई सुब्बास्तरको भनिया थियो, अब त्यल्लाई मर्यादाक्रममै अन्तर पर्ने भो यो अनुसार मिलाउनुपर्छ भनेर विधायन समितिले यसलाई सच्याएर ल्याईसक्याछ,त्यसकारण त्यो विधायन समितिको प्रतिवेदन सहित अहिले हामीले यहाँ छलफल गरिराख्या हो यस विषयमा मैले त्यहिरुपले स्पष्ट गर्न चाहान्छु र यो आवासको सन्दर्भमा भन्या मतलब मर्मत पोखरा नगरपालिका केरे पोखरा यहाँको स्थानीय माननीयहरुको सन्दर्भमा हो।यो बारेमा मैले अघि नै पनि थौरै राखें तर पनि अरु सबैले घरभाडा पाउँदा बाहिरका माननीयहरुले घरभाडा पाउँदा स्थानीय माननीयले मर्मत खर्च यो संघमा पनि छ, संघीय सरकारमा नि यो व्यबस्था छ, त्यसकारण चाहिँ हामीले मात्रै त्यो व्यबस्था नगर्ने कुरा भएन र त्यो नगर्दा त्यहाँ पनि विभेद भयो भन्ने महशुस गरेरै यो प्रस्ताव ल्याएको कुरा यहाँ माननीय केरे माननीय सभामुख मार्फत सदनलाई स्पष्ट गर्न चाहान्छु र अन्तमा हामीले हिजो एउटा बुझाईमा एउटा आधारमा एउटा बुझाईमा विधेयक कानूनहरु निर्माण गरिराख्या हुन्छौं समय परिस्थितिले त्यसलाई संशोधन गर्दै जानुपर्ने, परिमार्जन गर्दै जानुपर्ने स्थीति पैदा गर्छ, त्यही अनुसार हामीले यस्ता संशोधन प्रस्तावहरु सदनमा ल्याई राख्नुपर्छ र एउटा संकिर्णता भनौं वा जडता के पनि हुने गरेको छ भन्दाखेरि अब एकपटक

बनाएपछि त्यो त कहिले पनि संशोधनै गर्न नपर्ने गरि बनाउनु पो पर्छ त्यो पो बहादूरी भन्याझैं अब जडता अन्य तरिकाल बाट प्रस्तुत हुन्छन त्यो संभव छैन,त्यो संभव छैन जसरि संबिधान हाम्ले यो संविधानलाई गतिशिल संविधान भन्याछौं त्यही, त्यसैमा आधारित भएर बन्ने कानूनहरु पनि गतिशिल हुन्छन र त्यल्लाई गतिशिलतामै बुझ्नुपर्छ,यही आव्हान गर्दै आफ्नो स्पष्टीकरण यहिँ अन्त गर्दछु। धन्यवाद !

**माननीय सभामुख:-**

अब यो छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरु अव म, माननीय सदस्य श्री कृष्ण थापालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहानुहुन्छ भने सो को लागि समय उपलब्ध गराउँछु। सो को लागि समय उपलब्ध गराउँछु।

माननीय सभामुख महोदय,मैले राखेको संशोधन प्रस्ताव फिर्ता नहुने जानकारि गराउँछु।

**माननीय सभामुख**

माननीय सदस्यहरु, "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" का संशोधन प्रस्तावकर्ता माननीय श्री कृष्ण थापाले प्रस्तुत गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिन अस्विकार गर्नुभएकोले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने माननीय सदस्यहरुको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

अब म "पारिश्रमिक सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ मा उल्लिखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने माननीय सदस्यको बहुमत भएकोले "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ मा उल्लिखित संशोधन बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म, "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ मा उल्लिखित संशोधन "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने माननीय सदस्यको बहुमत भएकोले "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ मा उल्लिखित संशोधन बहुमतले "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" को अंग बनेको घोषणा गर्दछु ।

अब म विधेयकको दफा १ देखि ३ र अनुसूची समेत "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विधेयकको दफा १ देखि ३ र अनुसूची समेत  बहुमतले "पारिश्रमिक र सुविधा सम्बन्धी केही

प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" को अंग बनेको घोषणा गर्दछु।

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावनाः** पारिश्रमिक र सुविधा सम्बन्धी केहि प्रदेश कानूनलाई संशोधन गर्न बाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** ९१०यस ऐनको नाम "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको ऐन, २०७६" रहेको छ ।

२० यो ऐन तुरुन्त  प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

"हुन्छ" भन्ने माननीय सदस्यको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" को अंग बनेको घोषणा गर्दछु ।

अब म माननीय  आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई "पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक" पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७६ साल साउन ९ गते बसेको बैठकमा प्रस्तुत भै साउन १० गते दफावार छलफलको लागि विधायन समितिमा पठाईएकोमा समिति बाट प्रतिवेदन सहित प्राप्त भएको पारिश्रमिक र सुबिधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम विधायन

समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद ।

**माननीय सभामुख**

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोस् ।

“हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले “पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक” बहुमतले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल भाद्र १९ गते दिनको १:०० बजे सम्मको लागी स्थगित हुन्छ ।**